भ.पुजि.प्र.का.द.नं. २६/२०५५/५६

भ.पु.जि.हु.का.द.नं. २/०७०/७१



विज्ञापनको निम्ति सम्पर्क

फोन नं ६६१९१०७ ६६२०५५९

# मजदुर

## The Worker Daily दैनिक

Website : www.onlinemajdoor.com

**सरकारी तथा सार्वजनिक सम्पत्तिको संरक्षण गरौं**

- सडक, पार्क, विद्यालय, अस्पताल, कार्यालय जस्ता संरचनामा तोडफोड तथा क्षति नपुऱ्याऔं,
- सार्वजनिक स्थलमा सरसफाइ गरौं,
- सरकारी सामग्रीको हिनामिना तथा दुरुपयोग नगरौं/नगराऔं,
- ऐतिहासिक, सांस्कृतिक तथा प्राकृतिक सम्पदाको संरक्षण गरौं,
- अनधिकृत अतिक्रमण र क्षतिबाट सार्वजनिक सम्पत्तिलाई जोगाऔं,
- जिम्मेवार नागरिक बनेर सार्वजनिक सम्पत्तिको संरक्षण गरौं ।

सार्वजनिक सम्पत्ति हामी सबैको सम्पत्ति हो, संरक्षण गर्नु हामी सबैको दायित्व हो।

नेपाल सरकार
विज्ञापन बोर्ड

★ वर्ष : २८ ★ अङ्क : १४९ ★ ने. सं. ११४६ तछला थ्व, सप्तमी ★ आइतबार ★ ७ असार, २०८३ ★ June 21, 2026, Sunday ★ मूल्य रु. ५।– ★ पृष्ठ ८




भारतको उच्च शिक्षा प्रवेश परीक्षाहरू एनईईटी र सीबीएसईको प्रश्नपत्र बाहिरिएको घटनामा सत्तारुढ भारतीय जनता पार्टीका नेताहरू र शिक्षामन्त्री धर्मेन्द्र प्रधानको हात रहेको स्पष्ट देखिएपछि मन्त्री प्रधानको राजीनामा र दोषी सबैमाथि कानुनी कारबाहीको माग राखी भारतको राजधानी नयाँ दिल्लीमा विरोध प्रदर्शनमा उत्रेका युवा-विद्यार्थीहरू जून, १९,२०२६ का दिन । विरोध प्रदर्शनमा उत्रेका विद्यार्थीमाथि मोदी सरकारले भारतको केन्द्रीय प्रहरी बल र दिल्ली पुलिस प्रयोग गरी निर्मम दमन गर्दा दर्जनौं विद्यार्थी घाइते भए भने दर्जनौंलाई पक्राउ गरिएको छ ।

*तस्बिर : एसएफआईको फेसबुकपेज*

# जाँचबुझ आयोगमा सरोकारवालाहरूको बयानको सार सङ्क्षेप – ३२

**सिंहदरबार सुरक्षार्थ खटिएका सशस्त्र प्रहरी वरिष्ठ उपरीक्षक राजेश उप्रेति :**

भदौ २४ गते करिब ४-५ हजारको सङ्ख्यामा भद्रकालीतर्फबाट आएका प्रदर्शनकारीहरूको भिड हामीलाई धकेल्दै पर्खालसम्म आइपुग्यो । हामीले ग्यास सेल प्रयोग गरी भिडलाई पछि हटाए पनि भिड अझ उग्र बनेपछि टोलीलाई साइडको सानो ढोकाबाट भित्र प्रवेश गराउने निर्णय गर्नुपऱ्यो ।

अघिल्लो दिनको घटनाका कारण सुरक्षाकर्मीहरूमा केही हिच्किचाहट देखिन्थ्यो र रेडियो सेटबाट अन्य स्थानमा भइरहेको तोडफोड र आगजनीका खबरले मानसिक दबाब बढेको थियो । भिडभित्र "आज सुरक्षाकर्मीले गोली चलाउँदैनन्, अगाडि बढौँ !" जस्ता उत्तेजक कुरा सुनिन्थे, जसले अवस्था संवेदनशील बनाइरहेको थियो ।

दिउँसो करिब ३:१० बजेसम्म सशस्त्र प्रहरी बल र नेपाल प्रहरीको संयुक्त टोलीले ग्यासगन र लाठीचार्ज गरी प्रदर्शनकारीहरूलाई भित्र प्रवेश गर्न नदिने प्रयास गऱ्यो । तर, पश्चिम गेटतर्फबाट केही व्यक्तिले एस.एल.आर. हतियार हामीतर्फ तेर्स्याउन थालेपछि अवस्था अत्यन्तै गम्भीर बन्यो । यसैक्रममा भिडले तानिरहेको एक जना महिला प्रहरीलाई देखेर उनलाई उद्धार गर्न अगाडि बढ्दा नजिकैबाट टाउकोमा इँटा प्रहार भई म सामान्य घाइते भएँ ।

नेपाली सेनाको उपस्थिति पनि त्यहाँ थियो । तर, सेनाको आन्तरिक ड्युटी र निर्णय प्रक्रियाबारे म प्रत्यक्ष जानकारी राख्दिनँ । आन्दोलनको स्वरूप हेर्दा, सुरुमा देखिएका युवाहरू पछि हराउँदै गएको र सिंहदरबार जलाउने नियत राखेका, हतियार कक गरेका व्यक्तिहरू अगाडि आएको देखिन्छ । त्यसैले यो आन्दोलनमा योजनाबद्ध घुसपैठ भएको मलाई लाग्छ ।

**सशस्त्र प्रहरी बल, नेपाल नं. २१ गण दक्षिणकाली, ललितपुरका गणपति सशस्त्र प्रहरी उपरीक्षक राजेश लामिछाने :**

भदौ २४ गते सशस्त्र प्रहरी टोलीले १३९ सेल अश्रुग्याँस, ५३ थान ७.६२ मि.मि. ब्ल्याङ्क राउन्ड र ३३

*बाँकी पृष्ठ ८ मा*

# अर्थमन्त्री हुँदा र नहुँदा वाग्लेको दोहोरो तर्क !

काठमाडौँ, ६ असार । रास्वपाको बालेन सरकारका अर्थमन्त्री नहुँदा स्वर्णिम वाग्लेले प्रतिनिधिसभामा रास्वपाको सांसद भएर बोलेका थिए, "सरकारका अर्थमन्त्रीलाई निद्रा लाग्छ कि लाग्दैन मलाई थाहा छैन तर मलाई निद्रा लाग्न छोडेको छ, यो ऋणको व्ययभार असाध्य चर्को रूपमा आएको छ ।"

रास्वपा सरकारको अर्थमन्त्री भएर संसद्मा वाग्ले बोल्दै छन्, "ऋण लिँदैमा जहाजै डुब्ने र आकाशै खस्ने होइन । ऋण लिने हाम्रो बाध्यात्मक अवस्था हो । ३० खर्ब रुपियाँ ऋण त बोकेरै हिँड्या छ । आन्तरिक ऋण उठाउन थालेको सन् १९६२ देखि हो, सन् १९६२ देखि सोभियत सङ्घ र बेलायतबाट पहिलो विदेशी ऋण लिएको जस्तो लाग्छ ।"

अर्थमन्त्री वाग्लेले समिति बैठकमा सुत्नको लागि ऋण लिनुपर्ने र ऋण नलिए देशै ठप्प हुने बताएका थिए ।

*(यो दोहोरो तर्क अहिले सामाजिक सञ्जालमा चर्चा भइरहेको छ । सरकारमा पुगेपछि नेका, एमाले, माओवादी, रास्वपा एउटै ड्याङका मुला भएको पुष्टि भइरहेको छ ।)*

# घरेलु तथा साना उद्योग प्रवर्द्धनमा जोड दिनुपर्ने




भक्तपुर, ६ असार । भक्तपुर घरेलु तथा साना उद्योग सङ्घको आयोजना, भक्तपुर पर्यटन विकास समितिको सहकार्य तथा 'गो लोकल' अभियानको संयोजनमा असार ६ र ७ गते भक्तपुर नगरपालिका-२ स्थित न:पुखु परिसरमा 'हेरिटेज मार्केट एन्ड कल्चरल किचेन' मेलाको उद्घाटन भक्तपुर नगरपालिकाका नगर प्रमुख सुनिल प्रजापतिको प्रमुख आतिथ्यमा सम्पन्न भयो ।

कार्यक्रममा उहाँले स्थानीय स्रोत, साधन र सीपमा आधारित घरेलु उत्पादनलाई प्राथमिकता दिन सके रोजगारीका अवसर वृद्धि हुने, युवाहरू आत्मनिर्भर बन्ने तथा वैदेशिक रोजगारीका लागि विदेशिने युवाहरूको सङ्ख्या घटाउन सकिने बताउनुभयो ।

उहाँले घरेलु उत्पादनको प्रवर्द्धन र बजारीकरणका लागि मेला, उत्सव तथा प्रदर्शनीहरूले महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने उल्लेख गर्दै यस्ता कार्यक्रमले स्थानीय उत्पादनलाई व्यापक रूपमा चिनाउन सहयोग पुग्ने बताउनुभयो ।

नगर प्रमुख प्रजापतिले भक्तपुर नगरपालिकाले विभिन्न विषयमा युवाहरूलाई सीपमूलक तालिम प्रदान गर्दै आएको र त:का:, तपुली, जुजु धौलगायत स्थानीय उत्पादनको राष्ट्रिय सूचीकरण प्रक्रियालाई अगाडि बढाएको जानकारी दिनुभयो ।

उहाँले ताइचिन च्युरा, हाकुपतासीलगायत स्थानीय उत्पादनको संरक्षण, प्रवर्द्धन र बजारीकरणका लागि नगरपालिकाले घरेलु उद्योग व्यवसायीहरूसँग समन्वय र सहकार्य गर्दै आएको पनि बताउनुभयो । घरेलु तथा साना उद्योगको विकासका लागि सरकारले सहुलियत ब्याजदरमा ऋण तथा अनुदानको व्यवस्था गर्नुपर्ने आवश्यकता औँल्याउँदै उहाँले भक्तपुर नगरपालिकाले सीपमूलक तालिमसँगै युवा उद्यमशीलता ऋण कार्यक्रम सञ्चालन गर्दै आएको जानकारी दिनुभयो ।

भक्तपुर घरेलु तथा साना उद्योग सङ्घका अध्यक्ष श्यामकुमार श्रेष्ठको सभापतित्वमा सम्पन्न उक्त कार्यक्रममा नेपाल पत्रकार महासङ्घ भक्तपुर शाखाका अध्यक्ष सुन्दर शिल्पकारले पनि शुभकामना मन्तव्य राख्नुभएको थियो भने भक्तपुर पर्यटन विकास समितिका अध्यक्ष दिपेशराज शर्माले धन्यवाद ज्ञापन गर्नुभएको थियो ।

# मेचीनगरमा नेपाली भूमि अतिक्रमण तीव्र पार्दै भारत !

पूर्वी नेपालको मेची नगरपालिका वडा नं ४ मा भारतले हालै नेपालतर्फ नयाँ सहायक सीमास्तम्भ ठड्याएर नेपालको सीमा अतिक्रमण तीव्र पारेको सार्वजनिक भयो । रास्वपा सरकार प्रमुखले गत जेठ १७ गते प्रतिनिधिसभाको बैठकमा 'नेपालले भारतको सीमा मिचेको छ' बोलेपछि भारत-नेपालको खुला सिमानामा अतिक्रमणको गति बढाउँदै छ ।

नेपालतर्फ ठड्याइएको सो सहायक सीमास्तम्भको नं ८६/३६ दिइएको छ । नेपालको सहमतिबिना भारतले एकतर्फी बनाएको सो सहायक सीमास्तम्भ बालेन सरकारले किन देखेन ? किन हटाएन ? लेण्डुप दोर्जेको नेपाली संस्करण रास्वपा हो र ? खुला सीमामा नेपाली भूमिमा भारतीय अतिक्रमण कहिले रोकिने ?

भारतले नेपालको सीमा यसरी मिच्नुमा ३५ वर्षयता पालैपालो सरकारमा गएका नेका, एमाले र माओवादीका सरकारहरू पनि दोषी छन् । अतिक्रमित नेपाली भूमि फिर्ता लिन ती सरकारहरूले भारतसँग निर्णायक वार्ता र सहमति किन गर्न सकेनन् ?

माओवादीको दस वर्षको सशस्त्र द्वन्द्वकालमा सीमास्तम्भ बनाउन खटिएका नेपाली कर्मचारीलाई माओवादीले लखटेपछि ती कर्मचारीहरूलाई भारतमा बसालेर सीमा नक्सा बनाउन दिइएको




थियो । त्यसबेला माओवादीले के भारतकै निर्देशनमा नेपाली कर्मचारीलाई लखेटेको हो ? सो नक्सा खारेज नगरिएसम्म भारतले नेपाली भूमि अतिक्रमण रोक्ने छैन । यतिबेला रास्वपाको आँखा पनि खुल्ने अवस्था छैन ।



**चीन भ्रमण गरी फर्कंदै आन्तरिक एवं बाह्य पर्यटक**
चीनको भ्रमण सम्पन्न गरी रसुवागढी नाकाको मितेरी पुल भएर फर्कंदै गरेका आन्तरिक तथा बाह्य पर्यटक । *तस्बिरः ज्ञानेन्द्र न्यौपाने/रासस*

# मेडिकल डाइरेक्टरको आनाकानीको कारण भक्तपुर क्यान्सर अस्पतालको कर्मचारी विनियमावली अन्योलमा

भक्तपुर, ६ असार । विगत लामो समयदेखि थाती रहेको भक्तपुर क्यान्सर अस्पतालको कर्मचारी विनियमावली पारित गराउन अस्पतालको निमित्त मेडिकल डाइरेक्टर डा. उज्ज्वल चालिसे नै अनिच्छुक रहेको बताइएको छ । अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिको गत जेठ १२ गतेको बैठकबाट पारित भइसकेको माइन्यूट र विनियमावलीमा सही गर्न डाइरेक्टर चालिसेले आनाकानी गरेको स्रोतले बताएको छ । यस सम्बन्धमा समितिका अध्यक्ष प्रा.डा. श्रीकृष्ण श्रेष्ठले पटक-पटक मौखिक तथा स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयस्थित आफ्नै कायकक्षमा डाइरेक्टरलाई बोलाएर निर्देशनसमेत दिनुभएको चर्चा छ ।

मेडिकल डाइरेक्टर चालिसेको व्यक्तिगत स्वार्थका कारण माइन्यूट र विनियममा सही गर्न अनिच्छुक रहेको हुनसक्ने उनी निकट एक कर्मचारीले बताएका छन् । "उहाँ नेपाल अर्बुद रोग निवारण संस्था (एनसीआरएस) मा आबद्ध हुनुहुन्छ र त्यसको नेतृत्वको निर्देशनबिना कर्मचारी विनियमावलीलाई पारित गर्न चाहनुहुन्न," आफ्नो नाम नबताउने सर्तमा एक कर्मचारीले भने ।

एनसीआरएसले विगतमा लामो समयसम्म भक्तपुर क्यान्सर अस्पतालमा मनोमानी ढङ्गबाट डाक्टर तथा कर्मचारीहरूलाई शोषण गरेर भ्रष्टाचार गरेको चर्चा भएको थियो । भ्रष्टाचारविरुद्ध अस्पतालका कर्मचारी तथा स्थानीय जनताको निरन्तरको आन्दोलनपश्चात् भक्तपुर नगरपालिकाको अगुवाइमा नेपाल सरकारले उक्त अस्पतालाई २०७६ सालमा सरकारी स्वामित्वमा लगेको थियो । भक्तपुर क्यान्सर अस्पताल सञ्चालन तथा गठन आदेश जारी गरेसँगै अस्पतालको सम्पूर्ण सम्पत्ति तथा दायित्व सरकारले ग्रहण गरेको थियो । त्यससँगै अस्पतालमा कार्यरत चिकित्सक, नर्स तथा कर्मचारीहरूलाई पनि सरकारीसरह सेवा सुविधा प्रदान गर्न कर्मचारी विनियमावली तयारी गरिएको थियो । स्वास्थ्य मन्त्रालयमार्फत लोकसेवा आयोग र अर्थ मन्त्रालयबाट स्वीकृत भएपछि अस्पताल सञ्चालन तथा व्यवस्थापन समितिबाट पारित गराएर उक्त विनियमावलीलाई स्वीकृतार्थ स्वास्थ्य मन्त्रालयमा पठाउन लिखित निर्देशनसमेत आइसकेको छ ।

यसैबिच डाइरेक्टर डा. चालिसेले आफ्ना निकट तथा सरकारी दलका आसेपासे ३० जनाभन्दा बढी कर्मचारीहरूलाई दैनिक ज्यालादारीमा नियुक्ति गरिएको खुल्न आएको छ । कर्मचारीहरूको सम्पूर्ण आर्थिक दायित्व अस्पतालको आन्तरिक स्रोतबाट नै व्यहोनुपर्ने अवस्थामा दैनिक ज्यालादारीमा नियुक्त गरिएका कर्मचारीहरूको पारिश्रमिकबारे अस्पताल व्यवस्थापन समितिमा निर्णय गराइनुपर्ने हो तर अहिलेसम्म यसबारेमा समितिमा कुनै निर्णय नभएको समितिका एक सदस्यले बताए । उनले भने, "ती कर्मचारीहरू कुन कुन पदमा कहिलेबाट नियुक्त गरिएका हुन् ? तिनीहरूलाई के काम दिइएको छ ? र कति पारिश्रमिक प्रदान गरिएको छ ? भन्नेसमेत समितिलाई जानकारी छैन ।" यसबारेमा महालेखा परीक्षकको प्रतिवेदनमा समेत बेरुजु उल्लेख गरिएको छ तर समितिमा अवगत गराउन डाइरेक्टर चालिसेले आवश्यक ठान्नु भएन ।

डा. चालिसेले पूर्वमन्त्रीका नातेदार भनी प्रमोदराज ढकाललाई दैनिक ज्यालादारीमा परामर्शदाता नियुक्ति गरेको देखियो । तर, तिनको शैक्षिक योग्यता, कार्य अनुभव खुल्ने कुनै पनि कागजात अस्पतालमा प्राप्त नभएको बताइएको छ । दैनिक २ हजार रूपैयाँ पारवहन खर्च र अन्य सुविधा दिने सर्तमा उनलाई २०८२ वैशाख २ गतेबाट एक वर्षका लागि भनी करारमा नियुक्ति दिइएको देखिन्छ तर अवधि सकिएपछि करार सम्झौता नवीकरण गरिएको देखिँदैन ।

शनिबार र बिदाको दिनमा समेत हाजीर गर्ने तर काम के गर्ने कसैलाई पत्तो नहुने अर्का कर्मचारीले गुनासो गरे । "उनी केका लागि नियुक्त भएका हुन् र के काम गर्छन् ? कसैलाई थाहा छैन," ती कर्मचारीले भने ।

तिनै ढकालले अस्पताको कर्मचारी विनियमावली पारित नगराउन चलखेल गरिरहेको र माइन्यूटमा सही नगर्न व्यवस्थापन समितिका केही पदाधिकारीहरूलाई फोनबाट धम्की दिएको पनि चर्चा छ ।

व्यक्तिगत स्वार्थपूर्तिमा लिप्त मेडिकल डाइरेक्टर चालिसेको गलत नियतको कारण अस्पतालका ३५० भन्दा बढी कर्मचारीहरूको भविष्यमाथि खेलवाड भइरहेकोमा कर्मचारीहरूले आक्रोश व्यक्त गरेका छन् । कर्मचारीहरूका प्रतिनिधिमण्डलले डाइरेक्टरसँग नियमावली पारित गर्ने विषयमा चासो व्यक्त गर्दा डा. चालिसेले प्रस्ट जवाफ नदिएको तिनीहरूको भनाइ छ । डाइरेक्टरले कर्मचारीहरूको हितमा नियमावली पारित नगराएमा आन्दोलनमा उत्रन बाध्य हुने उनीहरूले चेतावनी दिएको समेत बताइएको छ ।

# लोकेश्वर साकोसबाट सरसफाइ कार्यक्रम

भक्तपुर, ६ असार । लोकेश्वर बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा सिथि नखःको अवसर पारेर भक्तपुर नगरको ऐतिहासिक सम्पदाका रूपमा रहेको कालदह (कालिदह) मा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

संस्थाका अध्यक्ष राजन जतिले समुदायमा आधारित रही सञ्चालित एक संस्थाले सामाजिक उत्तरदायित्व बहन हुने किसिमका कार्यहरू नियमित रूपमा गर्नुपर्ने बताउनुभयो ।

उहाँले लोकेश्वर साकोसले स्थापनाकालदेखि नै वित्तीय कारोबारमा मात्र सीमित नभई वार्षिक रूपमा स्वास्थ्य शिविर, सीपमूलक तालिम, सांस्कृतिक प्रशिक्षण विभिन्न सम्पदास्थलहरूको सरसफाइलगायत समाजको हित हुने किसिमका कार्यक्रम आयोजना गर्दै आएको उल्लेख गर्नुभयो ।



संस्थाका संस्थापक अध्यक्ष एवं भनपा वडा नं. २ का वडा सदस्य श्यामसुन्दर मातांले भक्तपुर नगरपालिकाको 'एक सहकारी एक सम्पदा' अन्तर्गत सिथि नखःको अवसर पारेर लोकेश्वर साकोसले सम्पदास्थलको सरसफाइ गरेकोमा आभार व्यक्त गर्नुभयो । सामाजिक सङ्घ, संस्था, विद्यालयहरूले पनि यस प्रकारको सरसफाइ कार्यलाई निरन्तर गर्दै जानुपर्ने उहाँले बताउनुभयो ।

संस्थाका विभिन्न समिति, उपसमितिका पदाधिकारी, कर्मचारी तथा स्थानीय जनताको उल्लेख्य सहभागी रहेको उक्त सरसफाइ कार्यक्रममा संस्थाका सचिव राजु छुकांले पनि बोल्नुभएको थियो ।

# ख्वप साकोसको आयोजनामा ब्यासी टोलमा सरसफाइ कार्यक्रम



भक्तपुर, ६ असार । ख्वप बचत तथा ऋण सहकारी संस्था लि.को आयोजनामा सिथि नखःको अवसरमा ब्यासी टोल क्षेत्रमा सरसफाइ कार्यक्रम सम्पन्न भयो ।

सफाइ कार्यक्रम ब्यासी टोलका दुईवटा पोखरी, चारवटा ढुङ्गेधारा ( सोधला हिटी ढुङ्गेधारा, दाफा फल्चा ढुङ्गेधारा, नगरकोट सडकसँगैको ढुङ्गेधारा तथा ठुलो ब्यासी टोलको ढुङ्गेधारा), जालाँचा, सहरी जनस्वास्थ्य केन्द्र सानो ब्यासी, भिन्तुना साकोससँगैको बाटो तथा ननिप्वाल इनार वरपर सरसफाइ गरी झार-घाँस उखेल्ने र चुन छर्ने कार्य सम्पन्न गरिएको थियो ।

सरसफाइ कार्यक्रममा संस्थाका सञ्चालक समिति, लेखा समिति, संस्थापक सदस्य, विभिन्न समिति तथा उपसमितिका सदस्यहरू, टोलवासी तथा शुभेच्छुकहरूको उत्साहजनक सहभागिता थियो ।

संस्थाका अध्यक्ष राजकुमार लघुले सरसफाइ सभ्यताको चिह्न भएको उल्लेख गर्दै टोलका इनार, पोखरी तथा ढुङ्गेधाराहरूको सरसफाइ गर्नु हरेक नागरिकको परिचय भएको बताउनुभयो । उहाँले बचत गर्दा आफ्नै टोलका दाजुभाइ तथा स्थानीय नेतृत्व रहेको संस्थामा बचत गर्न आग्रह गर्दै ब्याजको लोभमा बजारमुखी संस्थाहरूमा बचत गर्दा बचतको सुरक्षा जोखिममा पर्न सक्ने धारणा व्यक्त गर्नुभयो ।

उहाँले सरसफाइ कार्यक्रममा सहभागी सम्पूर्ण व्यक्तिहरूलाई धन्यवाद व्यक्त गर्दै ख्वप साकोसको आयोजनामा असार ७ गतेदेखि सांस्कृतिक गतिविधिअन्तर्गत भ्वाइलेन तथा बाँसुरी बाजा प्रशिक्षण सञ्चालन हुने जानकारी दिनुभयो ।

संस्थाका कोषाध्यक्ष लक्ष्मीनारायण सुवालले भक्तपुर नगरपालिकाको अनुरोधअनुसार सञ्चालक समितिको आयोजनामा सरसफाइ कार्यक्रम सञ्चालन गरिएको जानकारी दिनुभयो । उहाँले टोल-टोलमा रहेका पानीका स्रोत, पोखरी, इनार तथा ढुङ्गेधाराहरू सफा राख्न सके रोगव्याधिबाट बच्न सकिने बताउनुभयो ।

# इन्द्राणी साकोसद्वारा ऐतिहासिक हाकुफो हितीमा सरसफाइ

भक्तपुर, ६ असार । भक्तपुर नगरपालिकाको 'एक संस्था, एक सम्पदा संरक्षण' नीतिअन्तर्गत इन्द्राणी बचत तथा ऋण सहकारी संस्था लिमिटेडले स्थानीय हाकुफो हिती (ढुङ्गेधारा) को सरसफाइ गरेको छ । नेवार संस्कृतिमा पानीका मुहान सफा गर्ने विशेष दिन 'कुमार षष्ठी (सिथि नखः)' को अवसर पारेर संस्थाले उक्त कार्यक्रम गरेको हो ।

संस्थाको कार्यालय नजिकै रहेको ऐतिहासिक एवं सांस्कृतिक महत्त्वको उक्त ढुङ्गेधारा सरसफाइ कार्यक्रममा इन्द्राणी साकोसका सञ्चालक समिति, विभिन्न उपसमिति तथा संस्थापक सदस्यहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

नगरपालिकाको सम्पदा संरक्षण अभियानलाई साथ दिँदै आफ्नो सामाजिक उत्तरदायित्वअन्तर्गत ऐतिहासिक पानीको मुहान र सांस्कृतिक धरोहरको जगेर्ना गर्न यो कार्यक्रम आयोजना गरिएको संस्थाले जनाएको छ ।

# फिफा विश्वकप फूटबलमा अमेरिकाद्वारा अस्ट्रेलिया पराजित

काठमाडौँ, ६ असार । फिफा विश्वकप फुटबल-२०२६ मा अमेरिकाले अस्ट्रेलियालाई पराजित गर्दै नकआउट चरण प्रवेश गरेको छ ।

अमेरिकाको सिएटल स्टेडियममा सम्पन्न खेलमा अस्ट्रेलियालाई २-० गोलअन्तरले पराजित गर्दै अमेरिका नकआउट चरण प्रवेश गरेको हो । विश्वकपमा अमेरिकाको यो लगातार दोस्रो जीत हो । यसअघि आफ्नो पहिलो खेलमा अमेरिकाले पाराग्वेलाई पराजित गरेको थियो ।

अमेरिकाको जीतमा एलेक्स फ्रीम्यानले एक गोल गरे भने एक गोल उपहार प्राप्त गऱ्यो । खेल सुरुवाती ११ औँ मिनेटमा अस्ट्रेलियाका क्यामरुन बर्गेसको आत्मघाती गोलमार्फत अमेरिकाले पहिलो अग्रता दिलाए । अस्ट्रेलियाका डिफेन्डर क्यामरुनले क्लियर गर्ने क्रममा प्रहार गरेको बल आफ्नै गोलपोस्टमा छिर्दा अमेरिकालाई अग्रता लिने अवसर प्राप्त गऱ्यो ।

त्यसपछि खेलको ४३ औँ मिनेटमा अमेरिकाका एलेक्सले गोल गर्दै टोलीको अग्रता दोब्बर बनाए । त्यसपछि खेलमा गोल हुन सकेन र अन्तत अमेरिकाले अस्ट्रेलियामाथि २-० गोलअन्तरको जीत निकाल्यो । यस जीतसँगै समूह 'डी' मा रहेको अमेरिकाले २ खेलबाट ६ अङ्क जोडेको छ । ***रासस***

# वाग्मती नदीमा जलउत्पन्न विपद् उद्धार अभ्यास सम्पन्न

रौतहट, ६ असार । सशस्त्र प्रहरी बल नेपालको विशेष सक्रियतामा शुक्रबार वाग्मती नदीमा जलउत्पन्न विपद् उद्धारसँग सम्बन्धित अभ्यास सफलतापूर्वक सम्पन्न भयो ।

सशस्त्र प्रहरी बल नेपालअन्तर्गत छिन्नमस्ता बाहिनीको आयोजना तथा मधेस प्रदेश सरकारको सहयोग र समन्वयमा रौतहट तथा सर्लाही जिल्लास्थित वाग्मती नदीमा उद्धार, सहयोगसम्बन्धी कृतिम अभ्यास सम्पन्न भएको हो ।

नेपालमा हरेक वर्ष मनसुनी वायु सक्रिय भएसँगै हुने सम्भावित जोखिमलाई सहजरूपमा सम्बोधन गर्न सघाउ पुऱ्याउने उद्देश्यले यस वर्ष पनि सो अभ्यास गरेको आयोजकको भनाइ छ ।

रौतहट जिल्लाका प्रमुख जिल्ला अधिकारी दिनेशसागर भुसालले बाढी, डुबानलगायत प्रकोपजन्य घटनाबाट रौतहटलगायत तराईका जिल्लामा वर्षेनी ठूलो जनधनको नोक्सानी हुनेगरेको बताउँदै त्यसबाट जोगिन सशस्त्र प्रहरी बलको सक्रियतामा कृतिम अभ्यास गरेको स्पष्ट गर्नुभयो ।

नदीमा अचानक बाढी आउँदा वा मानिस फस्दा व्यक्तिलाई सुरक्षित तरिकाले उद्धार गर्न सहयोग पुऱ्याउने उद्देश्यले कृतिम अभ्यास जिल्लास्थित वाग्मती नदीमा गरिएको जानकारी दिँदै सशस्त्र प्रहरी बल, रौतहट जिल्ला प्रमुख एवम् गणपति रामहरि अधिकारले भन्नुभयो, "मौसमजन्य विपद्लाई लक्षित गर्दै जनधनको क्षति न्यूनीकरणको पक्षमा कृतिम अभ्यास गरिएको हो । तराई क्षेत्रमा वर्षेनी हुने जनउत्पन्न प्रकोपजन्य घटनाबाट जोगिन यस किसिमको अभ्यास फलदायी हुने विश्वास लिएका छौं ।"

सो अवसरमा मधेस प्रदेशका गृह, सञ्चार तथा कानुनमन्त्री फकिरा महतोले सीमा सुरक्षा, आन्तरिक सुरक्षा, शान्ति सुव्यवस्था कायम गर्ने दायित्व बोकेको सशस्त्र प्रहरीको प्रकोपजन्य घटनामा समेत महत्त्वपूर्ण भूमिका रहेको बताउनुभयो ।

बलको छिन्नमस्ता बाहिनी मुख्यालय महोत्तरीका बाहिनीपति एवम् प्रहरी नायब महानिरीक्षक विष्णुप्रसाद भट्टले समग्र मधेस प्रदेशमा हुने जनधनको क्षति न्यूनीकरण तथा रोकथामका लागि कृतिम घटनामा आधारित 'सिमुलेसन' अभ्यास उपयोगी हुने विश्वास व्यक्त गर्नुभयो ।

रौतहट, सर्लाही, महोत्तरीलगायतका जिल्लाका विभिन्न पालिकाका प्रमुख, सुरक्षा निकायका प्रतिनिधि, स्थानीय जनप्रतिनिधि तथा सर्वसाधरणसमेतको उल्लेख्य उपस्थितिमा शनिबार वाग्मती नदीमा जलउत्पन्न विपद् उद्धार अभ्यास सम्पन्न भएको हो । *रासस*



**यन्त्रले रोपाइँ गर्दै किसान**
कैलालीको जानकी गाउँपालिका-४ मुनुवामा आधुनिक रोपाइँ गर्ने यन्त्रले रोपाइँ गर्दै किसान । यस यन्त्रले रोपाइँ गर्दा सहज हुने गरेको किसान बताउनुहुन्छ । तस्विर: सुरेन्द्रबहादुर ताम्राकार/रासस

# शनिबार कृषि तथा वनविज्ञान विश्वविद्यालयको पाँचौं दीक्षान्त

नारायणगढ (चितवन), ६ असार । कृषि तथा वनविज्ञान विश्वविद्यालयले शनिबार आफ्नो पाँचौं दीक्षान्त समारोहको तयारी पूरा गरेको छ ।

विश्वविद्यालयका रजिष्ट्रार प्राडा सुविर सिंहका अनुसार यस वर्ष विभिन्न सङ्काय र कार्यक्रमबाट उपाधि प्राप्त गरेका कुल २,१९३ विद्यार्थी दीक्षान्त समारोहमा दीक्षित हुन योग्य भएका छन् । दीक्षित हुनेमा स्नातक तहका १,८३६ जना, स्नातकोत्तर तहका ३२७ र विद्यावारिधि तहका ३० जना उच्च तहका प्राविधिक तथा वैज्ञानिक जनशक्ति छन् ।

रजिष्ट्रार प्राडा सिंहका अनुसार पाँचौं दीक्षान्त समारोहमा कृषि सङ्कायतर्फ कृषि स्नातक मा १,३७२, स्नातकोत्तरमा २१२ र विद्यावारिधितर्फ १९ योग्य भएको जानकारी दिनुभयो । त्यस्तै, पशुविज्ञान, पशुचिकित्सा तथा मत्स्य विज्ञान सङ्कायतर्फ पशु चिकित्सा तथा पशुपालन स्नातक मा ९७, पशु चिकित्सा स्नातकोत्तरमा ५१ र पशु चिकित्सा/पशु विज्ञान विद्यावारिधि मा २३ जना दीक्षित हुँदैछन् ।

सोही सङ्कायको मत्स्य विज्ञान स्नातकमा छ, स्नातकोत्तरमा २० र विद्यावारिधिमा ११ जना छन् । वन विज्ञान सङ्काय (हेटौँडा) तर्फ वन विज्ञान स्नातक (बीएस्सी फरेष्ट्री) मा ३४८, स्नातकोत्तरमा ३० विद्यावारिधितर्फ तीन जना विद्यार्थी यस पटक दीक्षित हुन योग्य भएका छन् ।

विसं २०६७ असारमा स्थापना भएको यस विश्वविद्यालयले आफ्नो स्थापनाको १६ वर्ष पूरा गरेको छ । यस अवधिमा विश्वविद्यालयले देशको कृषि, पशुविज्ञान, मत्स्यपालन र वन विज्ञान क्षेत्रको विकासका लागि उल्लेखनीय जनशक्ति उत्पादन गर्न सफल भएको छ । विश्वविद्यालयले सार्वजनिक गरेको तथ्याङ्कअनुसार स्थापना कालदेखि हालसम्म विभिन्न सङ्काय र तहमा गरी कुल ५,९०६ जना दक्ष जनशक्ति उत्पादन भइसकेका छन् ।

मुलुकका लागि आवश्यक पर्ने उच्च तहको प्राविधिक तथा वैज्ञानिक जनशक्ति उत्पादन गरेर विश्वविद्यालयले देशको कृषि र वन क्षेत्रको रूपान्तरणमा ठूलो योगदान पुऱ्याउँदै आएको रजिष्ट्रार सिंहले बताउनुभयो । *रासस*

# ज्येष्ठ शुक्ल षष्ठीमा सिथि नखः मनाइयो

काठमाडौँ, ६ असार । शनिबार ज्येष्ठ शुक्ल षष्ठी हो । यसलाई कुमार षष्ठी पनि भनिन्छ । कुमार कार्तिकेयको पूजा आराधना एवं व्रत गरी कुमार षष्ठी मनाइयो ।

पद, धन र मानहानि भएकाले शनिबार कुमार कार्तिकेयको व्रत एवं पूजा आराधना गरेमा गुमेको मानपदवी हुन्छ भन्ने विश्वास छ ।

शनिबार सिथि नख (सिथि नखः) पनि हो । नेवार समुदायले मनाउने यो पर्वमा पानीका मुहान, इनार, ढुङ्गेधारा र पोखरीहरूको सरसफाइ गरी जलस्रोतको संरक्षण गर्ने परम्परा छ । साथै, यो पर्वमा विशेष परिकारहरू पकाएर सामूहिक रूपमा खाने चलन पनि छ । यसले सामाजिक एकता र सांस्कृतिक पहिचानलाई मजबुत बनाउने जनविश्वास छ । *रासस*

# सातै प्रदेशमा 'ब्लु बस' सञ्चालनको तयारी

काठमाडौँ, ६ असार । सरकारले महिलालाई लक्षित गरी सातवटै प्रदेशमा 'ब्लु बस' सञ्चालनको तयारीलाई अघि बढाएको छ । सरकारको १०० दिनको कार्यसूचीअनुसार महिलाको सुरक्षित, सहज र सम्मानजनक सार्वजनिक आवागमन सुनिश्चित गर्न निःशुल्क 'ब्लु बस' सेवा सञ्चालनको तयारी अघि बढाइएको हो ।

कार्ययोजनाअनुसार पहिलो चरणमा १०० दिनभित्र कम्तीमा २५ वटा बस सञ्चालनमा ल्याउने लक्ष्य राखिएको जनाइएको छ । यसअन्तर्गत काठमाडौँ उपत्यकामा साझा यातायातसँगको सहकार्यमा कम्तीमा सात वटा बसलाई 'ब्लु बस' का रूपमा सञ्चालन गर्ने योजना अघि बढाइएको छ । साथै काठमाडौँ उपत्यका बाहिर सबै प्रदेशका यातायात व्यवसायी सङ्घसँग समन्वय गरी कम्तीमा १८ वटा बस सञ्चालनको तयारी गरिएको छ ।

मन्त्रालयका अनुसार ब्लु बस सेवा सञ्चालनका लागि आवश्यक कार्यविधि, समय सारिणीसहितको कार्ययोजना, शीर्षकगत लागत अनुमान तथा सञ्चालनको जिम्मेवारी निर्धारण गरिएको मस्यौदा प्रस्ताव साझा यातायातबाट प्राप्त भइसकेको छ । प्राप्त प्रस्तावका आधारमा आवश्यक प्रशासनिक तथा प्राविधिक तयारी भइरहेको मन्त्रालयले जनाएको छ ।

मन्त्रालयका अनुसार काठमाडौँ उपत्यकामा ब्लु बस सेवा सञ्चालनका लागि साझा यातायातसँग निरन्तर समन्वय भइरहेको छ । सेवा सञ्चालनका विभिन्न विकल्पसहित तयार पारिएको प्रस्ताव मन्त्रालयमा निर्णयका लागि पेस गरिएको छ भने आवश्यक प्रक्रियाहरू अगाडि बढाइएको छ ।

सरकारले सार्वजनिक यातायातमा महिला तथा बालिकाको सुरक्षालाई प्राथमिकता दिँदै ब्लु बस सेवालाई क्रमशः विस्तार गर्ने योजना बनाएको छ । आगामी आर्थिक वर्षमा सातै प्रदेशमा ब्लु बस सेवा सञ्चालनका लागि आवश्यक बजेट तथा कार्यक्रमसमेत प्रस्ताव गरिएको मन्त्रालयले जनाएको छ ।

ब्लु बस सेवा सञ्चालनमा आएपछि विशेष गरी विद्यार्थी, श्रमिक, कर्मचारी तथा दैनिक रूपमा सार्वजनिक यातायात प्रयोग गर्ने महिलालाई सुरक्षित र सहज यात्राको वातावरण उपलब्ध हुने अपेक्षा गरिएको छ । यसले सार्वजनिक यातायातमा हुने दुर्व्यवहार तथा असुरक्षाको अनुभूति न्यूनीकरण गर्नसमेत सहयोग पुग्ने विश्वास गरिएको छ ।

सार्वजनिक यातायातमा सिसीटिभी र ड्यासक्याम सार्वजनिक यातायातमा हुने लैङ्गिक हिंसा तथा अपराध नियन्त्रणका लागि सिसीटिभी र ड्यासक्याम जडानलाई प्राथमिकता दिइएको छ ।

प्रगति विवरणअनुसार साझा यातायातका १११ बस, महागर यातायातका ४६ बस तथा पाँचपोखरी सुनौलो यातायातका तीन बसमा सिसीटिभी तथा ड्यासक्याम जडान गरी सञ्चालनमा ल्याइएको छ ।

अन्य सार्वजनिक यातायातका साधनमा पनि जडान विस्तारको काम भइरहेको मन्त्रालयले जनाएको छ । ट्राफिक प्रहरीमार्फत अनुगमन गर्ने व्यवस्था मिलाइएको छ ।

सार्वजनिक सवारीलाई प्रविधिमैत्री, सुरक्षित र यात्रुमैत्री बनाउने मापदण्डको मस्यौदा तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पठाइएको छ । *रासस*

# विश्व शरणार्थी दिवस : शरणार्थीको संरक्षण र सम्मान सुनिश्चित गर्न राष्ट्रसङ्घको आह्वान

काठमाडौँ, ६ असार । शनिबार विश्व शरणार्थी दिवस हो । यो दिवस शनिबार विश्वका विभिन्न देशमा विविध कार्यक्रमका साथ मनाइयो ।

द्वन्द्व, हिंसा, उत्पीडन तथा मानवअधिकार उल्लङ्घनका कारण आफ्नो घरबार छाड्न बाध्य भएका लाखौं शरणार्थीप्रति सम्मान व्यक्त गर्दै यो दिवस प्रत्येक वर्ष जून २० मा मनाउने गरिन्छ ।

शरणार्थीसम्बन्धी संयुक्त राष्ट्रसङ्घीय उच्चायुक्तको कार्यालय (युएनएचसीआर) का अनुसार सन् २०२५ को मध्यसम्म विश्वभर ११ करोड ७३ लाखभन्दा बढी मानिस उत्पीडन, द्वन्द्व, हिंसा, मानवअधिकार उल्लङ्घन वा सार्वजनिक शान्ति-सुरक्षामा गम्भीर असर पार्ने घटनाका कारण विस्थापित भएका छन् । सुडान, युक्रेन, अफगानिस्तान, सिरियाली अरब गणराज्य, म्यान्मार तथा प्रजातान्त्रिक गणतन्त्र कङ्गोलगायत मुलुकमा जारी सङ्कटले लाखौँलाई घरबार छाड्न बाध्य बनाएको छ ।

राष्ट्रसङ्घले शरणार्थीको संरक्षण केवल मानवीय संवेदनाको विषय मात्र नभई विश्व शान्ति र स्थायित्वको आधारसमेत भएको जनाएको छ । शरणार्थीलाई संरक्षण नपाउँदा परिवारहरू थप जोखिमपूर्ण यात्रामा जान बाध्य हुने, बालबालिकाको शिक्षा प्रभावित हुने तथा महिला र बालिकाहरू थप जोखिममा पर्ने बताइएको छ ।

सन् १९५१ को शरणार्थी महासन्धि तथा सन् १९६७ को त्यससम्बन्धी प्रोटोकल शरणार्थी अधिकार संरक्षणका प्रमुख अन्तर्राष्ट्रिय कानुनी आधार मानिन्छन् । ती व्यवस्थाअनुसार शरणार्थीलाई काम गर्ने, शिक्षा प्राप्त गर्ने, आवास पाउने, धार्मिक स्वतन्त्रता उपभोग गर्ने तथा पहिचान र यात्रासम्बन्धी कागजात प्राप्त गर्ने अधिकार सुनिश्चित गरिएको छ । महासन्धिको मूल सिद्धान्त 'नन-रिफाउलमेन्ट' अनुसार कुनै पनि शरणार्थीलाई उसको जीवन वा स्वतन्त्रतामा गम्भीर खतरा रहेको स्थानमा फिर्ता पठाउन पाइँदैन ।

विश्व शरणार्थी दिवसले शरणार्थीहरूको साहस, धैर्य र जीवन पुनःनिर्माणका प्रयासप्रति सम्मान व्यक्त गर्ने अवसर प्रदान गर्ने जनाउँदै उक्त विश्व संस्थाले विश्वका विभिन्न देशका सरकार, दातृ निकाय, स्थानीय समुदाय तथा विश्व समुदायलाई शरणार्थीको सुरक्षा, सम्मान र अधिकारको संरक्षणका लागि साझा प्रतिबद्धता जनाउन आह्वान गरेको छ ।

राष्ट्रसङ्घका अनुसार युद्ध, हिंसा र उत्पीडनबाट भाग्न बाध्य भएका व्यक्तिलाई जोखिमयुक्त स्थानमा जबरजस्ती फर्काउन नहुने तथा विस्थापनको अवस्थामा पनि उनीहरूले सम्मानपूर्वक जीवनयापन गर्न पाउनुपर्ने व्यवस्था अन्तर्राष्ट्रिय समुदायको महत्त्वपूर्ण प्रतिबद्धता हो ।

यसैबिच, महासचिव एन्टोनियो गुटेरेसले यस अवसरमा जारी सन्देशमा शरण लिन बाध्य भएका सबै व्यक्ति तथा उनीहरूलाई आश्रय प्रदान गर्ने मुलुक र समुदायलाई थप बलियो समर्थन आवश्यक भएको बताउनुभएको छ ।

महासचिव गुटेरेसले सन् १९५१ को शरणार्थीको अवस्थासम्बन्धी महासन्धि स्वीकृत भएको ७५ वर्ष पूरा भइरहँदा सुरक्षा र संरक्षणको प्रतिज्ञा विश्व समुदायका लागि उत्तिकै सान्दर्भिक भएको सन्देशमा उल्लेख गर्नुभएको छ । *रासस*

। सम्पादकीय ।

# विदेशी ऋणको भरमा देश चलेसम्म आत्मनिर्भर नहुने

देशमा उद्योग, कारखाना खोल्न जनताका आधारभूत आवश्यकता पूर्ति गर्न, रोजगारका पूर्वाधारहरू तयार गर्न आवश्यक भयो भने कुनै व्यापारी, उद्योगपति, व्यवसायी या सरकारले ऋण लिन सक्छन्। ऋण लिनुको अर्थ कहीं कतै कुनै काममा लगानी गर्न हो। लगानी देशको आवश्यकता परिपूर्ति गर्न या जनताका आधारभूत आवश्यकता पूर्ति गर्न गरिन्छ। सरकारले ऋण अनुत्पादक क्षेत्रमा लगानी गर्न नहुने विज्ञहरूको राय हो। सरकारले प्रत्येक वर्ष ऋण लिएको देखिन्छ। प्रत्येक वर्ष ऋण लिएको कारण नेपाल ऋणीको देश बनेको छ। आर्थिक वर्ष ०८३/८४ को लागि पनि सरकारले ६ खर्ब ५७ अर्ब २९ करोड रुपैयाँ ऋण लिने लक्ष्य राखेको छ। त्यसमध्ये वैदेशिक ऋणबाट २ खर्ब ४७ अर्ब २८ करोड र आन्तरिक ऋणबाट ४ खर्ब १० अर्ब सङ्कलन गर्ने सरकारको लक्ष्य रहेको छ।

अहिले नै देशको ऋण २९ खर्बभन्दा बढी पुगिसकेको छ। नेपाली ऋणीको देश बनेको छ। ऋणमाथि ऋण लिने सरकारको नीतिले देश ऋणमा डुबेको छ। अर्थविद्हरू त ऋण तिर्नकै लागि नेपाल सरकार ऋण लिन बाध्य भएको बताउँछन्। असार ५ गतेको कान्तिपुरमा 'ऋण तिर्नकै लागि ऋण लिँदै सरकार' शीर्षकको समाचार छापियो। सार्वजनिक ऋणको भार थप्दै गएको कारण विकास स्रोत जुटाउन समस्या परेको, राजस्वले सरकारको अनिवार्य दायित्व भुक्तानी गर्न समेत नपुगेपछि सार्वजनिक ऋणको आकार बढ्दै गएको विश्लेषण गरिएको छ। सार्वजनिक ऋणको सावाँ ब्याज भुक्तानीकै लागि ऋण लिनुपर्ने अवस्था सत्य हो भने यो राम्रो लक्षण होइन। ऋणको ऋण तिर्न बाध्य सरकारले देश विकास कसरी गर्छ ? सरकारलाई देशका कर्मचारी पाल्न नै धौ धौ परेको छ। ऋण लिएर देश सञ्चालन गर्नुपर्ने बाध्यता कसरी भयो ? ऋण लिएर देश कहिलेसम्म सञ्चालन गर्ने ?

देश र जनताको हक, हित र विकास गर्न छोडेर जसरी भए पनि दल ठूलो बनाउने, सरकारको नेतृत्व गर्ने सत्तामुखी राजनीतिले गर्दा सङ्कट देखिएको हो; अन्योल छाएको हो। सरकारको नेतृत्व गरेर राज्यबाट बढीभन्दा बढी दलको स्वार्थ पूरा गर्ने, आफ्ना मान्छे भर्ना गर्ने, नेता तथा कार्यकर्ता पाल्ने मानसिकताले गर्दा देश विकास नभएको हो; देश विकासमा पछि परेको हो। यो रोग विगतको सत्तारूढ दलमा मात्र होइन हालको सरकारमा पनि देखिएको छ। यसकारण, सरकारको नेतृत्व परिवर्तनले मात्र देश विकास हुन्छ; बहुमत जनताको पक्षमा ऐन-कानुन बनाउँछ भन्ने कुरा सत्य होइन। देशमा भएका असमान सन्धि-सम्झौता सबै ठूलै दलको कारण भएको हो। सरकारको नेतृत्व गर्ने दलहरू देश र जनताप्रति समर्पित भएनन् या विदेशमुखी भए। सरकार विदेशमुखी या विदेशी ऋण र अनुदानको भरमा चलेसम्म देश आत्मनिर्भर हुनेछैन।

सरकारले अनुमान गरेअनुसार विदेशी शक्ति राष्ट्रले अनुदान दिएको छैन। सरकारले वर्षमा जे जति बनाउने योजना छ त्यो पनि पूरा गर्न सकेको छैन। ऋण उत्पादनमूलक वस्तुमा प्रयोग नहुने, अनुदान सोचेअनुसार नपाउने र विकास पनि लक्ष्यअनुसार पूरा गर्न नसक्ने हुँदा सरकारले गरेको अनुमान सोचेभन्दा धेरै अधुरो र अपूरो हुन्छ। सरकारले राजस्व सङ्कलन बढाउनुपर्छ। प्रगतिशील कर नीति अपनाएर आर्थिक वृद्धि दर बढाउनुपर्छ। सरकारले उद्योग, कारखाना, मन्त्रालय या विभागमा बाँकी रहेको अनेक कर या विद्युत् शुल्क उठाउनुपर्छ। गत जेठसम्ममा नेपालले तिर्न बाँकी ऋण २९ खर्ब ६१ अर्ब १९ करोड रहेको छ। गत वर्ष असारमा तिर्न बाँकी ऋण २६ खर्ब ७४ अर्ब ४ करोड थियो। देशको बजेटभन्दा ऋणको रकम बढेको छ। यो ऋणको भारले थिचेर नेपाली जनताले कहिलेसम्म सहेर बस्ने ? नेपाल ऋणमुक्त देश कहिले हुन्छ ? ऋण लिएर देश चलाउनुपर्ने यो परिस्थितिमा सरकार 'राष्ट्रिय' दलको नाउँमा देशको राज्यकोषबाट पैसा असुल्ने नीति ल्याउँछ। राजनीतिक दललाई पैसा बाँड्ने सरकारी नीति खोटपूर्ण छ। यो नीति नितान्त गलत छ। दल सञ्चालन सरकारले गर्ने होइन। सरकारी राज्यकोषले दल सञ्चालन गरेपछि दलले चन्दा उठाउदैन भन्ने कुरा होइन। दलले चन्दा उठाए पनि नउठाए पनि दल सञ्चालन खर्च राज्यले व्होर्ने कुरा ठीक होइन। अतः सरकारले 'राष्ट्रिय' दलको नाउँमा निर्वाचनमा प्राप्त मतको आधारमा राज्यकोष लिने सरकारी नीति या राज्यकोष लिन दलसँग छलफलको प्रक्रिया अघि बढाउने कुरा नेपालको सन्दर्भमा एक मिल्दैन, दुई मिल्दैन। सत्तारूढ दललाई चेतना भया !

# इजरायललाई स्वतन्त्र छाडेसम्म मध्यपूर्वमा शान्ति हुनेछैन !

✍ हुस्सेन चोकर

*(लामो समयदेखि मध्यपूर्वमा इजरायली आक्रमणलाई निःसर्त समर्थन गर्दै आएको अमेरिकाले अहिले उसलाई नियन्त्रणमा राख्न सङ्घर्ष गर्दै छ।)*

२० औँ शताब्दीमा, संयुक्त राज्य अमेरिकाले इजरायल र अरब राज्यहरूबिच दुई शान्ति सम्झौता प्रायोजित गर्‍यो भने सिरियासँग तेस्रो निर्णायक सम्झौता सुरक्षित गर्न नजिकिदै थियो।

यी सम्झौताहरू दशकौँसम्मको लगातारको युद्धहरूपछि गरिएका थिए। जसमा सन् १९५६ को त्रिपक्षीय (बेलायत-फ्रान्स-इजरायलको इजिप्टमाथि हमला) आक्रमण, १९६७ को नक्सा, अक्टोबर १९७३ को युद्ध, १९७८ को लेबनानमाथि इजरायलको आक्रमण र १९८२ को बेरुतमाथिको आक्रमण पनि पर्छ।

हालैका वर्षहरूमा अमेरिकाले इजरायललाई वास्तविक शान्तिको बाटोमा धकेल्ने काम त्यागेको छ। बरु, अमेरिकाले इजरायललाई सम्पूर्ण क्षेत्रमा प्रभुत्व जमाउन मद्दत गरेको छ।

परिणामस्वरूप अब वासिङटनले यस क्षेत्रमा शान्ति सम्झौता गर्न र त्यसलाई कायम राख्न चाहन्छ भने पनि सक्दैन; किनकि उसले लामो समयदेखि बढावा दिएको इजरायली आक्रमणलाई लगाम लगाउन सक्दैन।

**इजरायलका दुई बाटाहरू**

इजरायलका पुर्खाहरूलाई अरबीहरू बसोबास गर्ने र इस्लामको प्रभुत्व रहेको भौगोलिक क्षेत्रमा कसरी बसोबासी-औपनिवेशिक परियोजनालाई अगाडि बढाउने भन्ने चिन्ताले सताएको थियो। फलस्वरूप, उनीहरूले यो अस्तित्वगत चिन्ताको सामना गर्न दुईवटा बाटाहरू विकास गरे।

पहिलो, बल र सैन्य क्रूरताको सिद्धान्त थियो; जुन प्यालेस्टिनमा इर्गुन आतङ्कवादी सङ्गठनका संस्थापक जीभ जाबोटिन्स्कीले सन् १९२३ मा 'द आइरन वाल' शीर्षकको निबन्धमा राम्रोसँग प्रस्तुत गरेका थिए। "यहुदी उपनिवेशीकरण या त रोक्नुपर्छ, या त स्थानीय जनसङ्ख्यालाई पर्वाह नगरी अगाडि बढ्नुपर्छ। जसको अर्थ, यो स्थानीय जनङ्ख्याबाट स्वतन्त्र शक्तिको संरक्षणमा मात्र अगाडि बढ्न र विकास हुन सक्छ - एउटा फलामको पर्खाल पछाडि, जुन स्थानीय जनसङ्ख्याले तोड्न सक्दैन," उनले रूसी भाषामा लेखेका थिए।

इजरायलका प्रथम प्रधानमन्त्री डेभिड बेन-गुरियन पनि इजरायलले आफूलाई सुरक्षित राख्न बल प्रयोग गरेर मध्यपूर्वलाई परिवर्तन गर्नुपर्छ भन्ने विचारका पक्षपाती थिए।

केही दशकपछि, लिकुड पार्टीका तत्कालीन नेता बेन्जामिन नेतन्याहुले सन् १९९३ मा आफूले लेखेको पुस्तक, 'अ प्लेस अमङ्ग द नेसन्स' मा "इजरायलले मध्यपूर्वलाई आफ्नो सुरक्षाअनुरूप परिवर्तन गर्न आवश्यक छ" भनेका छन्। उनले तर्क गरे कि यदि इजरायलले अत्यधिक सैन्य श्रेष्ठता कायम राख्न सकेन भने, यो टिक्न सक्ने छैन। प्रधानमन्त्रीको रूपमा उनी यही सिद्धान्तमा अडिग छन्; जसले यस क्षेत्रमा मृत्यु, विनाश र अस्थिरता छरेको छ।

दोस्रो बाटो सन् १९७३ अक्टोबरको युद्धपछि देखापर्‍यो; जब इजरायल अस्तित्वगत विपत्तिको नजिक पुग्यो। यसले 'शान्तिमार्फत अस्तित्व' (Existence through peace) भन्ने दृष्टिकोणलाई जन्म दियो; जसअन्तर्गत इजरायलले राजनीतिक र आर्थिक रूपमा यस क्षेत्रमा एकीकरण गर्ने लक्ष्य राखेको थियो।

यस मार्गका समर्थकहरूले 'शान्तिको लागि भूमि' (Land for peace) भनेर समाधानलाई समर्थन गरे; जसमा इजरायलले (सार्वभौम राष्ट्रको) मान्यता र शान्तिको बदलामा सन् १९६७ मा कब्जा गरेका क्षेत्रहरू फिर्ता गर्नुपर्छ।

यो माध्यमले तत्काल परिणाम दियो। सन् १९७८ मा इजरायलले इजिप्टसँग शान्ति सम्झौता गर्‍यो, जसले गर्दा सिनाई प्रायःद्वीपलाई इजिप्टको सिमानामा पुनः फर्काइदिएको थियो। सन् १९९४ मा, इजरायलले जोर्डनसँग शान्ति सम्झौतामा हस्ताक्षर गर्‍यो र केही कब्जा गरिएको भूमि फिर्ता गर्‍यो। प्यालेस्टिन लिबरेसन अर्गनाइजेसनसँगको ओस्लो सम्झौता पनि यस प्रक्रियाको हिस्सा थियो।

प्रधानमन्त्री यित्जाक रबिनको नेतृत्वमा रहेको इजरायली सरकारले शान्ति सम्झौताको बदलामा सम्पूर्ण कब्जा गरिएको गोलान हाइट्स सिरियालाई फिर्ता गर्न तयार रहेको बताएको थियो। तर, सन् १९९५ को अन्त्यमा यहुदीवादी अतिवादीहरूले यित्जाक रबिनको हत्या गरे।

त्यसबेलादेखि, इजरायल बिस्तारै 'फलामको पर्खाल' मार्गमा फर्केको थियो; जुन हालको सबैभन्दा आतङ्ककारी रूपमा पुगेको छ।

यो इजरायली प्रतिगमनको अरब राज्यहरूबाट कुनै पनि आक्रामक मुद्राबाट सामना गरिएन। यसको विपरीत, अरब जगतले सन् २००२ मा बेरुत अरब शान्ति पहल प्रस्तुत गर्‍यो; जसले फेरि इजरायलको अस्तित्वको चिन्तालाई ध्यानमा राख्दै कब्जा गरेको भूभागको बदलामा शान्ति प्रस्ताव राख्यो। अर्थात्, सन् १९६७ मा कब्जा गरिएको गोलान हाइट्स (सिरियालाई फिर्ता दिने) र कब्जा गरिएको प्यालेस्टिनी क्षेत्र फिर्ता दिई प्यालेस्टिनी राज्य स्थापना गर्न दिने। यद्यपि, यो पहललाई इजरायलमा गम्भीरतापूर्वक ध्यानाकर्षण गरिएन।






**शान्तिको सट्टा प्रभुत्व**

इजरायल आक्रामक बाटोमा फर्कनु घरेलु राजनीतिको परिणाम मात्र थिएन। यस दिशालाई प्रोत्साहन गर्न अमेरिकाले प्रमुख भूमिका खेलेको छ। इजरायली सरकार र सेनाको क्रूर व्यवहारमा कुनै पनि सीमा तोक्न अस्वीकार गरेर, वासिङटनले इजरायलबाहेक मध्यपूर्वमा कुनै पनि राज्यको वैध स्वार्थ नभएकोजस्तो व्यवहार गरेको छ।

अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पको दुई कार्यकालमा, इजरायलको आधिपत्यवादी योजनाहरूको लागि अमेरिकी सहयोग अझ स्पष्ट भएको छ। उनको समर्थन आर्थिक सहयोग, कूटनीतिक सुरक्षा, कब्जा गरिएका क्षेत्रहरूको मान्यता प्रदान र सैन्य समर्थनभन्दा पर गएको छ।

अमेरिकाको दीर्घकालीन नीतिको विरुद्धमा जाँदै, ट्रम्पले अब्राहम एक्कर्दस् (सम्झौता) मार्फत प्यालेस्टिनी मुद्दालाई दफन गर्ने प्रयास गेरका छन्। यी सम्झौताहरू 'शान्तिको लागि भूमि' सिद्धान्तलाई मेटाउनका लागि हुन्। यसको सट्टा, वर्तमान अमेरिकी प्रशासनले 'हत्या, विनाश र युद्धको बदलामा शान्ति' को सूत्रलाई अगाडि बढाइरहेको छ।

ट्रम्पले यस क्षेत्रमा बिना रोकटोक इजरायललाई हिंसात्मक गतिविधि गर्न अनुमति दिएका छन्; गत वर्ष इजरायली सेनाले ७२ घण्टामा अरबका ६ देशमा आक्रमण गरेको थियो। अचम्मको कुरा, तीमध्ये कतार पनि थियो; जहाँ अमेरिकी सेनाको केन्द्रीय कमान्डको अग्रणी मुख्यालय थियो।

तर, सायद इजरायलको क्रूर एजेन्डाको सेवा गर्न ट्रम्प कति हदसम्म अगाडि बढेका छन् भन्ने कुराको सबैभन्दा स्पष्ट उदाहरण उनले इरानविरुद्ध गरेको युद्ध हो जसले इजरायललाई मात्र फाइदा पुर्‍यायो र अमेरिकी विदेश एवम् घरेलु नीतिको हितका साथै उसका अरब सहयोगीहरूको हितको विरुद्धमा गयो।

यो सबै गरेर, ट्रम्प प्रशासनले अरब राज्यहरूलाई सीमान्तकृत गरेको छ; जसलाई आफ्नो क्षेत्रको भविष्य आकार दिने पूर्ण अधिकार छ - ती राज्यहरू जसले लामो समयदेखि आफूलाई अमेरिकी रणनीतिक साझेदार मान्दै आएका थिए। यसले तिनीहरूलाई आफ्नो सार्वभौमिकता, सुरक्षा वा स्थिरता होइन, नेतन्याहुको दृष्टिकोणअनुरूप यस क्षेत्रलाई पुनः आकार दिने लागत वहन गर्न बाध्य पारेको छ।

'शान्ति र स्थिरता' को नारामा बेरिएको यो सैन्यकृत अराजकताले यस क्षेत्रमा केही सुधार ल्याउन सक्दैन। ट्रम्पले इरानसँग गरेको युद्धविराम सम्झौतालाई स्वीकार गर्न इजरायलले अस्वीकार गर्नु; आक्रामकतालाई निःसर्त समर्थन दिँदा के हुन्छ भन्ने स्पष्ट उदाहरण हो। वार्ता प्रक्रियाभरि, इजरायली सरकारले लेबनानमाथि आक्रमण गरेर सबै मोर्चामा शत्रुता अन्त्य गर्ने प्रयासहरूलाई बारम्बार अवरोध पुर्‍याएको छ। अनि, इजरायलले यस्तो गरी नै रहन्छ, ट्रम्पले जतिसुकै नेतन्याहुसँगको आफ्नो वार्तालाप वा फोन कलमा कडा भाषा प्रयोग गरे पनि।

ट्रम्प र उनका उत्तराधिकारीहरूले बुझ्नुपर्ने कुरा के हो भने यस क्षेत्रमा वास्तविक शान्ति कायम गर्न इजरायलप्रतिको अमेरिकी नीतिलाई पूर्ण रूपमा उल्ट्याउन आवश्यक छ। अब्राहम एक्कर्दस् (सम्झौता) जस्ता 'शान्ति सम्झौताहरू' को रूपमा प्रस्तुत गरिएका प्रभुत्ववादी व्यवस्थाहरूले यस क्षेत्रको जारी द्वन्द्वहरू समाधान गर्दैनन् या भविष्यमा हुने द्वन्द्वहरूलाई रोक्न सक्दैनन्। यस क्षेत्रका जनताले इजरायललाई, उसको वर्तमान विस्तारवादी रूपमा स्वीकार गर्ने छैनन्; जतिसुकै अब्राहम सम्झौताहरू उनीहरूलाई बेचिए (marketed) पनि।

जनमत सर्वेक्षणले यो अवस्थालाई स्पष्ट रूपमा प्रतिबिम्बित गर्दछ। अरब ओपिनियन इन्डेक्स सन् २०२५ को सर्वेक्षणमा, ८७ प्रतिशत उत्तरदाताहरूले इजरायललाई मान्यता दिने र सम्बन्ध सामान्यीकरण गर्ने कुराको विरोध गर्छन्। ७७ प्रतिशत उत्तरदाताहरूले अमेरिकालाई यस क्षेत्रको स्थिरताको लागि खतराको रूपमा लिएका छन्।

अमेरिकाले इजरायलको यो आक्रामक र प्रभुत्ववादी आवरणलाई जति धेरै समर्थन गरिरहन्छ, त्यति नै धेरै यसले यो क्षेत्र र यसका जनतालाई गुमाउनेछ। इरान युद्धले सुरक्षा योजना र भूराजनीतिक विचारलाई पुनः आकार दिँदै गर्दा, वासिङटनले अन्ततः बढ्दो बहुध्रुवीय विश्वमा प्रमुख रणनीतिक महत्त्वको क्षेत्रमा आफ्नो पकड गुमाउने सम्भावना छ।

यदि अमेरिका साँच्चै आफ्नो अडान कायम राख्न चाहन्छ भने, उसँग दुईवटा मात्र विकल्प छ : या त इजरायललाई आफूलाई रूपान्तरण गर्न र 'शान्तिमार्फत अस्तित्व' को बाटोमा फर्कन दिनु - जुन प्यालेस्टिनी मुद्दाको न्यायपूर्ण समाधानमा आधारित छ - वा यसलाई त्यागने।

# पढाइको राजनीति - २

✍ ए. जे. हर्न

यसले किन वास्तविक रूपमा उन्नत पढाइ विचलित पार्ने खालको हुनसक्छ भन्ने एउटा महत्त्वपूर्ण कुरालाई अगाडि ल्याउँछ । एकपटक यो क्षमता प्राप्त गरेपछि, यो विरलै मात्र पुस्तकहरूमा सीमित रहन्छ । आलोचनात्मक पढाइको माध्यमबाट विकसित भएका बानीहरू बाहिरी संसारमा फैलिँदै जान्छन् । पाठमाथि प्रश्न उठाउन सिक्ने व्यक्तिले अक्सर चाँडै नै समाचार रिपोर्ट, राजनीतिक भाषण, आर्थिक सिद्धान्त, विज्ञापन, शैक्षिक पाठ्यक्रम र स्वयं साझा समझ (सामान्य ज्ञान) माथि नै प्रश्न उठाउन थाल्छ । कुनै पनि दाबीलाई केवल एक आधिकारिक व्यक्तित्वले प्रस्तुत गरेकै भरमा स्वीकार गर्न तिनीहरू कम इच्छुक हुन्छन् र पहिले जहाँ अनुमानहरूलाई सजिलै स्विकार्ने गर्थे, त्यहाँ अब स्पष्टीकरणहरू माग्न थाल्छन् ।



ए.जे. हर्न

पढ्नु भनेको पाठक र इतिहास बीचको, पाठक र समाज बीचको, अनि पाठक र ती अनगिन्ती शक्तिहरू बीचको संवाद हो जसले पाठ र स्वयं पाठक दुवैलाई आकार दिएका छन्। प्रत्येक पाठ एक विशिष्ट संसारको उत्पादन हो, र पढ्ने प्रत्येक कार्य त्यो संसारलाई अझ राम्रोसँग बुझ्ने एउटा अवसर हो।



यसको उच्चतम स्तरमा पुगेपछि, पढ्नु भनेको सूचनाको उपभोग मात्र रहँदैन र यो बौद्धिक आत्म-मुक्तिको एक अभ्यास बन्न पुग्दछ । पाठकले अब कुनै पुस्तकलाई प्रशिक्षित हुन पर्खिरहेको एक निष्क्रिय प्रापकका रूपमा सामना गर्दैनह उनीहरू लेखक, इतिहास र स्वयं समाजसँगै एउटा संवादमा प्रवेश गर्दछन् । उनीहरू आफ्नो सामु प्रस्तुत गरिएको संसारलाई कसरी बुझ्ने र त्यो प्रस्तुतिलाई आकार दिने शक्तिहरूको अनुसन्धान कसरी गर्ने भन्ने कुरा सिक्दछन् ।

आलोचनात्मक पढाइ बौद्धिक आत्म-मुक्तिको एउटा रूप हो भने, स्वाभाविक रूपमा प्रश्न उठ्छ : यसलाई वास्तवमा कसरी गर्ने त ? एक पाठक सूचनाको केवल उपभोग मात्र भन्दा माथि उठेर त्यसको वास्तविक बुझाइतर्फ कसरी अगाडि बढ्छ ?

एड्लरले दिएको जवाफ के थियो भने पढ्नु एउटा क्रियाकलाप हो, कुनै अनुभव होइन । धेरैजसो मानिसहरूले पुस्तकहरूलाई यसरी हेर्छन् मानौँ ज्ञानलाई पानाबाट सिधै मस्तिष्कमा स्थानान्तरण गर्न सकिन्छ । तिनीहरूले पहिचान (चिन्नु) लाई नै बुझाइ सम्झिने गल्ती गर्छन् । तिनीहरूले कुनै परिचित अवधारणा भेट्दा, कुनै निष्कर्षमा सहमत हुँदा वा कुनै तथ्य सम्झिँदा आफूले केही सिकेको निष्कर्ष निकाल्छन् । एड्लरले के बुझेका थिए भने वास्तविक बुझाइका लागि केवल सूचना प्राप्त गर्नुभन्दा धेरै बढी कुराको आवश्यकता पर्दछ । पाठकको काम लेखकको केन्द्रीय प्रश्न पहिचान गर्नु, उनीहरूले समाधान गर्न खोजिरहेका समस्याहरू ( वा उनीहरूले स्पष्ट पार्न खोजिरहेका अवधारणाहरू) निर्धारण गर्नु, उनीहरू आफ्नो निष्कर्षमा कसरी पुगे भनी बुझ्नु र ती निष्कर्षहरू प्रस्तुत गरिएका प्रमाण तथा तर्कहरूबाट सही रूपमा निसृत भएका छन् कि छैनन् भनी मूल्याङ्कन गर्नु हो ।

म बुझ्छु कि यो कुरा निकै स्वत:स्पष्ट जस्तो लाग्न सक्छ, तर वास्तवमा निकै कम मानिसहरूले मात्र यसरी पढ्छन् भन्ने कुरा उल्लेखनीय छ । धेरैजसो मानिसहरू पुस्तकहरूलाई बुझ्नका लागि भन्दा पनि पुष्ट्याइँका लागि (आफूले पहिले नै विश्वास गरिरहेको कुरालाई थप बलियो बनाउन) पढ्ने दृष्टिकोण राख्छन् । तिनीहरू आफ्नो विश्व दृष्टिकोणसँगको सहमति वा आफूलाई मन नपर्ने कुराहरूविरुद्ध प्रयोग गर्ने अस्त्रको खोजी गर्छन् । यसरी हेर्दा, पुस्तक नयाँ दृष्टिकोणको सामना गर्ने अवसर बन्नुको साटो पहिलेदेखिका प्रतिबद्धताहरूलाई बढावा दिने एउटा साधन मात्र बन्न पुग्छ । यस्तो अवस्थामा, पढाइले आलोचनात्मक अनुसन्धानको बाटो छोडिदिन्छ ।

एड्लरका अनुसार, पाठकको पहिलो जिम्मेवारी बौद्धिक इमानदारिता हो । लेखकसँग सहमत वा असहमत हुनुअघि, व्यक्ति पहिले उनीहरूको दृष्टिकोणलाई सही रूपमा व्याख्या गर्न सक्षम हुनुपर्दछ । कुनै तर्कको आलोचना गर्नुअघि, त्यसलाई उसकै सर्तहरूमा बुझ्नुपर्दछ । यो एक आश्चर्यजनक रूपमा चुनौतीपूर्ण मापदण्ड हो । यसका लागि धैर्यता, नम्रता र अन्ततः गलत प्रमाणित हुनसक्ने दृष्टिकोणलाई पनि बुझ्नका लागि पर्याप्त समयसम्म आफ्नो निर्णय वा पूर्वाग्रहलाई थाती राख्ने तत्परता आवश्यक पर्दछ ।

तैपनि, केवल बुझाइ मात्र पर्याप्त हुँदैन । एक व्यक्तिले कुनै पाठलाई पूर्ण रूपमा बुझ्न सक्छ तर अझै पनि यसको वृहत्तर महत्त्वलाई पक्रन असफल हुन सक्छ । कसैले कुनै राजनीतिक प्रबन्धको प्रत्येक तर्कलाई बुझ्न सक्छ, तर त्यसलाई उत्पादन गर्ने ऐतिहासिक परिस्थितिहरूप्रति भने अन्धो रहन सक्छ । कसैले कुनै आर्थिक सिद्धान्तलाई सही रूपमा सङ्क्षेपमा प्रस्तुत गर्न सक्छ, तर मानव स्वभावका बारेमा यो जुन अनुमानहरूमा आधारित छ, तिनलाई चिन्न असफल हुनसक्छ । कसैले कुनै दार्शनिक प्रणालीलाई बुझ्न सक्छ, तर एक विशिष्ट दर्शक वा पाठक वर्गका लागि यसलाई विश्वासिलो बनाउने सामाजिक स्वार्थहरूलाई भने नजरअन्दाज गर्न सक्छ ।

यसैले गर्दा आलोचनात्मक पढाइले एकैसाथ बहुविध स्तरहरूमा काम गर्नुपर्दछ । पहिलो स्तरले सोध्छ : "लेखकले के भनिरहेका छन् ?" दोस्रोले सोध्छ, "के लेखक सही छन् ?" तेस्रोले सोध्छ : "यो तर्क आखिर किन गरिँदैछ ?" चौथोले सोध्छ : "यो तर्कले कुन व्यापक विश्वदृष्टिकोणलाई पहिल्यै अनुमान गर्दछ र त्यसको पुनरुत्पादन गर्न मद्दत गर्दछ ?"

यी प्रश्नहरू सञ्चयी हुन्, तिनीहरू एउटामाथि अर्को गर्दै निर्मित हुन्छन् । पहिलो प्रश्नलाई छोडेर अगाडि बढ्ने पाठकले (कुनै पनि अर्थपूर्ण रूपमा) अन्य प्रश्नहरूको जवाफ दिन सक्दैन । कसैले आफूले नबुझेको दृष्टिकोणको अन्तर्दृष्टिपूर्ण आलोचना गर्न सक्दैन । साथै, पहिलो प्रश्नमै रोकिने पाठकले बोध ( बुझाइ) लाई नै अन्तर्दृष्टि सम्झिने गल्ती गर्छ । कुनै तर्कलाई बुझ्नु आलोचनात्मक विचारको सुरुवात त हो, तर यो यसको निष्कर्ष होइन ।

इतिहासभरिका महानतम पाठकहरूले यो कुरा बुझेका थिए । आर्थिक कृतिहरू पढ्ने क्रममा, मार्क्सले ती सामाजिक परिस्थितिहरूको अनुसन्धान गरे जसले स्वयं राजनीतिक अर्थशास्त्रलाई जन्म दिएका थिए । राजनीतिक संस्थाहरूको विश्लेषण गर्ने क्रममा, ग्राम्सीले ती सांस्कृतिक शक्तिहरूको परीक्षण गरे जसले ती संस्थाहरूलाई वैध देखाएका थिए । कानुन र सरकारहरूको सूक्ष्म जाँच गर्ने क्रममा, फुकोले ज्ञानका ती प्रणालीहरूको खोजी गरे जसको माध्यमबाट व्यक्तिहरूले आफूलाई र अरूलाई बुझ्ने गर्दछन् । प्रत्येक अवस्थामा, पढ्नु भनेको व्याख्या गर्नुभन्दा धेरै माथिको कुरा हो । महानतम मस्तिष्कहरूका लागि, पढ्नु भनेको सतहमा रहेको पाठलाई जोड दिने वा पुष्टि गर्ने संसारलाई उजागर गर्ने एउटा विधि बन्यो ।

पुन:, यस दृष्टिकोणबाट हेर्दा, राम्रोसँग पढ्न सिक्नुको महत्त्व पुस्तकहरूभन्दा धेरै अगाडिसम्म फैलिएको छ । पढ्नु भनेको मानव जातिले आफ्नो समाजको सञ्चित ज्ञान, अनुभव र विचारधाराहरूको सामना गर्ने प्राथमिक तरिकाहरू मध्ये एक हो । खराब तरिकाले पढ्नु भनेको ती विचारहरूलाई बिना कुनै आलोचना उत्तराधिकारका रूपमा ग्रहण गर्नु हो । राम्रोसँग पढ्नु भनेको तिनको मूल्याङ्कन गर्नका लागि आफूलाई सक्षम स्थानमा राख्नु हो । यो एउटा विश्वदृष्टिकोणलाई आँखा चिम्लेर स्वीकार गर्नु र सचेत भई कुनै एकलाई रोज्नुबिचको सार्थक भिन्नता हो ।

अन्ततः, एड्लर सबैभन्दा महत्त्वपूर्ण कुरामा सही थिए : पढ्नु एउटा क्रियाकलाप हो । यो एउटा परिश्रम हो । आँखा अगाडिबाट शब्दहरू गुज्रँदैमा बुझाइ स्वत:स्फूर्त रूपमा हुँदैन । प्रबुद्ध हुनु एक अविश्वसनीय सम्मान हो किनभने अन्तर्दृष्टि प्रयास, ध्यान र संलग्नतामार्फत नै आर्जन गर्नुपर्दछ । जहाँ एड्लर रोकिए, वास्तवमा त्यहींबाट पढाइको व्यापक महत्त्व सुरु हुन्छ ।

पढ्नु भनेको पाठक र इतिहासबिचको, पाठक र समाजबिचको, अनि पाठक र ती अनगिन्ती शक्तिहरूबिचको संवाद हो जसले पाठ र स्वयं पाठक दुवैलाई आकार दिएका छन् । प्रत्येक पाठ एक विशिष्ट संसारको उत्पादन हो र पढ्ने प्रत्येक कार्य त्यो संसारलाई अझ राम्रोसँग बुझ्ने एउटा अवसर हो ।

राम्रोसँग पढ्न सिक्नु महत्त्वपूर्ण हुन्छ । यसलाई शैक्षिक उपलब्धि, व्यावसायिक उन्नति वा तथ्यहरूको सङ्ग्रहको विषय मात्र मान्नु एउटा गल्ती हुनेछ । नि:सन्देह, ती कुराहरूको आफ्नै स्थान छ, तर तिनीहरू सहायक मात्र हुन् । पढाइको वास्तविक मूल्य यो हो कि यसले वास्तविकतालाई बुझ्ने हाम्रो क्षमतालाई फराकिलो बनाउँछ । यसले हामीलाई हाम्रो आफ्नै तात्कालिक अनुभवभन्दा बाहिरका विचारहरूको सामना गर्न, हामीले पहिले विनाकुनै विचार-विमर्श स्वीकार गरेका अनुमानहरूमाथि प्रश्न उठाउन र पहिले अदृश्य लागेका सम्भावनाहरूलाई पहिचान गर्न अनुमति दिन्छ ।

सूचनाले भरिपूर्ण तर आलोचनात्मक पाठकहरूको कमी भएको समाज एक सूचित समाज होइन । सूचना मात्रको धेरै उपयोग हुँदैन; तथ्यहरूले आफ्नो व्याख्या आफैँ गर्न सक्दैनन्; तथ्याङ्कहरू बिनाकुनै सन्दर्भ कतै शून्यबाट प्रकट हुँदैनन् । सरल शब्दमा भन्नुपर्दा, हामीले सामना गर्ने कुराहरूको मूल्याङ्कन गर्ने, तिनलाई सन्दर्भअनुसार बुझ्ने र तिनको आलोचना गर्ने क्षमताबिना हामी जुनसुकै कुराबाट प्रभावित वा नियन्त्रित हुन सक्ने जोखिममा रहन्छौँ, चाहे हामीसँग जतिसुकै सूचना उपलब्ध किन नहोस् । आधुनिक समयमा, जहाँ सूचनाहरू पहिलेभन्दा धेरै सुलभ छन् तर हाम्रो ध्यान केन्द्रित गर्ने अवधि (अटेन्सन स्प्यान) पहिलेभन्दा धेरै कमजोर भएको छ, आलोचनात्मक रूपमा पढ्न सक्ने क्षमता अझ बढी महत्त्वपूर्ण बन्न पुग्दछ ।

यसैले, एक राम्रो पाठक बन्नका लागि गरिने सङ्घर्ष अझ बढी सचेत मानव बन्नका लागि गरिने एउटा वृहत्तर सङ्घर्षकै हिस्सा हो । आलोचनात्मक रूपमा पढ्नुको अर्थ निष्क्रिय स्वीकार्यतालाई अस्वीकार गर्नु हो । यो मूल्याङ्कन गर्नुअघि बुझाइमा, निश्चितताअघि अनुसन्धानमा र विश्वासअघि प्रमाणमा जोड दिनु हो; यो के भनिँदैछ मात्र नभएर त्यो किन भनिँदैछ, त्यसरी भनिँदा कसलाई फाइदा पुग्छ र कुन विकल्पहरू अन्वेषण हुन बाँकी छन् भनी सोध्ने बानीको विकास गर्नु हो ।

सम्भवत: यसै कारणले गर्दा इतिहासभरिका महानतम पाठकहरू विरलै मात्र पाठकका रूपमा मात्र सीमित रहेर सन्तुष्ट भए । पढाइले संसारलाई बुझ्ने उनीहरूको तरिकालाई बदलिदियो र त्यसले उनीहरूले संसारभित्र गर्ने कार्यको तरिकालाई पनि परिवर्तन गरिदियो । पुस्तकहरूले उनीहरूलाई सूचना मात्र भन्दा धेरै माथिको कुरा प्रदान गरे, तिनीहरूले उनीहरूलाई हेर्ने (र अन्ततः अस्तित्वमा रहने) नयाँ तरिकाहरू प्रदान गरे ।

अन्ततः, मूल जोखिममा रहेको विषय यही नै हो । पढ्नुको उद्देश्य धेरै कुरा जान्नु होइन, बरु धेरै कुरा देख्नु हो; साझा समझ (सामान्य ज्ञान) भित्र लुकेका अनुमानहरूलाई, संस्थाहरू पछाडि रहेका ऐतिहासिक शक्तिहरूलाई र वर्तमानमा अस्तित्वमा रहेको संसारभित्र लुकेका मानवीय सम्भावनाहरूलाई चिन्नु हो । राम्रोसँग पढ्न सिक्नु भनेको, वास्तवमै भन्नुपर्दा, आफ्नो विवेकले आफैँ सोच्न सिक्नु हो र त्योभन्दा मूल्यवान् सीपहरू सायदै अरू होलान् ।

***समाप्त***

***simplifying socialism* बाट अनुदित**

**दायित्वबोध डटकमबाट**

# सुधारिएको पुँजीवादको भ्रम

✍ प्रभात पटनायक

प्रगतिशील उदारवादी र सामाजिक जनवादीहरूमा एउटा समान धारणा पाइन्छ । (तुलनाका लागि नेपालमा रास्वपा, नेपाली काङ्ग्रेसजस्ता दललाई प्रगतिशील उदारवादी भन्न सकिन्छ भने एमाले, एमाओवादी आदिलाई समाजिक जनवादी भन्न सकिन्छ । अनु.) उनीहरू पुँजीवादलाई 'सुधार्न' सकिन्छ भन्ठान्छन् । पुँजीवादलाई अझ मानवीय र समाजमा स्वीकार्य बनाउन सकिन्छ भनी विश्वास गर्छन् । राजनीतिक प्रजातन्त्रभित्रै आवधिक निर्वाचनमार्फत राज्यसत्तालाई प्रयोग गरेर यो काम गर्न सकिने उनीहरूको बुझाइ छ । यति मात्र होइन, सुधारिएको पुँजीवादलाई सदाका लागि संस्थागत गर्न सकिन्छ र यसले गर्दा समाजवादी सङ्घर्षको आवश्यकता पर्दैन भन्ने उनीहरू विश्वास गर्छन् ।

यसको लागि सैद्धान्तिक जग अर्थविद् जेएम किन्सले दिएका थिए । उनी क्याम्ब्रिजको अर्थशास्त्र विभागका कार्यरत थिए । उनी त्यस विभागको सुधारवादी परम्पराका बुद्धिजीवी थिए । उनले आफ्नो दर्शनलाई 'नयाँ उदारवाद' भन्थे । उनीभन्दा अगाडि उदारवादी अर्थनीतिअनुसार अर्थतन्त्रमा सरकार वा राज्यले हस्तक्षेप नगर्ने परिपाटी थियो । किन्सको 'नयाँ' को अर्थ राज्यले अर्थतन्त्रमा प्रभावकारी हस्तक्षेप गर्नुपर्छ भन्ने थियो । राज्यभित्र पूर्ण रोजगारी तथा आयको अझ समान वितरणका लागि राज्यले अर्थतन्त्रमा हस्तक्षेप गर्नुपर्छ भन्ने किन्सको मत थियो । विश्वयुद्धहरूपछि किन्सको विचारलाई धेरै सामाजिक जनवादी सरकारहरूले अपनाए । रोजगारी दर उच्च बनाउन र कल्याणकारी नीति लागु गर्न त्यसो गरिएको थियो । यी सबै तारतम्यको एउटै लक्ष्य थियो, 'मानवीय छवियुक्त पुँजीवाद' को निर्माण ।

विश्वयुद्धको समाप्तिपछि केही वर्षभित्र यो अर्थनीति नौलो प्रयोग बन्यो । युरोपभरि नयाँ उदारवादी अर्थनीति अपनाइयो । रोजगारी बढाउनका लागि सरकारी खर्च बढाउनुपर्छ । यसको लागि सरकारले कि घाटा व्यहोर्नुपर्छ कि धनीहरूमाथि करको भार बढाउनुपर्छ । वित्ततन्त्रले यसको अनुमति दिन्न । त्यसैले यो असम्भव हुन जान्छ । त्यसैले कल्याणकारी नीति त अपनाइयो तर त्यो फितलो बन्दै गयो । दृश्य बदलियो । यसको स्पष्ट चित्र फ्रान्समा फ्राँस्वा मितेराँ राष्ट्रपति बनेपछि देख्न सकिन्छ । बढ्दो बेरोजगारीविरुद्ध उनी राष्ट्रपति निर्वाचित भएका थिए । रोजगारी बढाउनका लागि उनले किन्सको अर्थनीति अपनाए । तर, रोजगारी बढेन । उल्टो फ्रान्सबाट वित्त बाहिरिन थाल्यो । फ्रान्सको मुद्रा फ्रेन्च फ्राङ्कको बजार भाउ घट्यो । यसपछि मितेराँले 'लगानीकर्ताहरूको विश्वास' पुन: आर्जन गर्न किन्सेली नीति फिर्ता लिनुपऱ्यो । एक जमात सेयर कारोबारीहरूलाई खुसी पार्नुलाई मिठो भाषामा 'लगानीकर्ताहरूको विश्वास' आर्जन गर्ने भनिन्छ । पुँजीवादलाई 'सुधार्न' हस्तक्षेप गर्नुको साटो राज्य आफै विश्वव्यापी वित्तीय पुँजीको कैदी बन्यो । चाहेर वा नचाहेर 'जसोजसो बाहुन बाजे उसै स्वाहा' भन्नुपऱ्यो । 'सुधारिएको' पुँजी एउटा भ्रम साबित भयो । उदारवादी वा सामाजिक जनवादी विचारका बुद्धिजीवी वा राजनीतिज्ञहरूले राखेको अचाक्ली आशा चकनाचुर भयो ।

नियन्त्रित पुँजीवादको भिजन/धारणा विश्वयुद्धपछि विकसित देशहरूमा मात्र सीमित रहेन । उपनिवेशवादविरुद्ध सङ्घर्ष गरेका दक्षिणी गोलार्द्धका धेरै देशमा दलाल पुँजीपतिभन्दा फरक देशभक्त र राष्ट्रिय पुँजीपति वर्गको तप्का पनि थियो । मुक्तिपछि ती देशहरू सार्वजनिक क्षेत्रको नेतृत्वमा 'समाजवादमुखी' बाटोमा हिँडे । त्यही अर्थतन्त्रभित्र ती पुँजीपति वर्गको भूमिका तय गरियो । भारत त्यसको एउटा उदाहरण हो । बेलायतबाट स्वतन्त्र भएपछि भारतमा विकासको लक्ष्य 'समाजवादी ढाँचाको समाज' निर्माण गर्नु हो भनियो । यो लक्ष्यतर्फ बढ्दै जाँदा अर्थतन्त्रभित्रै एक टापुको रूपमा रहेको पुँजीवादले उत्पादक शक्तिको विकासमा मद्दत गर्ने ठानिएको थियो । त्यो टापुलाई सजिलै नियन्त्रणमा राख्न सकिनेछ र अन्तिम लक्ष्यमा त्यसले बिथोल्न सक्ने छैन भन्ने अनुमान थियो ।

आज भारतमा उल्टो दृश्य छ । आयमा उच्च असमानता छ । विगत १०० वर्षमा यो तहको असमानता थिएन । विश्वकै उच्च असमान देशमा पर्छ भारत । चर्को असमानताले अर्को तथ्य पनि औँल्याउँछ - झन्डै ८० वर्षमा अपनाइएको अर्थनीति एकदम उल्टिएको छ । भर्खर स्वतन्त्र हुँदा भारतका शीर्ष १ प्रतिशत धनाढ्यहरूसँग राष्ट्रिय आयको जम्मा १२ प्रतिशत धन थियो । सन् १९८२ मा उनीहरूको धनमा कमी आएर जम्मा ६ प्रतिशत

***बाँकी पृष्ठ ७ मा***




प्यालेस्टिनका गाजा सहरनजिकको अल-साब्रामा बिनाचेतावनी इजरायली हवाई हमलाबाट मारिएका बालबालिकाको शव बोकेर जैनअल अस्पतालबाट निस्कँदै मृतकका अभिभावक र आफन्तहरू जून २०, २०२६ का दिन । इजरायलले युद्धविराम सम्झौतालाई खिल्ली उडाउँदै गाजापट्टीका निहत्था प्यालेस्टिनी जनताको हत्या गरिरहेको छ ।

*तस्बिर : ओमार हल काता/एएफपी*

# युद्धविरामको समयमा पनि हेजबुल्लाहविरुद्धको अप्रेसन जारी राख्ने आइडीएफको घमण्ड

तेल अवीव (इजरायल), २० जून (एएनआई) । इजरायली रक्षा बल (आईडीएफ) ले युद्धविरामको समयमा पनि दक्षिणी लेबनानमा हेजबुल्लाहविरुद्धको अप्रेसन जारी राख्ने भन्दै घमण्ड प्रदर्शन गरेको छ ।

आईडीएफका प्रवक्ता ब्रिगेडियर जनरल एफी हेजबुल्लाहले गरेको पछिल्लो आक्रमणमा चार इजरायली सैनिकहरूको मृत्यु भएको घटना इजरायली पक्षले 'स्वीकार गर्न सक्ने' वास्तविकता नभएको बताएका छन् । आईडीएफले थप खतराहरू रोक्न दक्षिणी लेबनानमा आफ्नो कारबाही जारी राख्ने कुरामा जोड दिएको छ ।

प्रवक्ता डेफ्रिनले इजरायलले थप तनावको लागि पर्खन नसक्ने कुरामा जोड दिँदै तत्कालका खतराहरू हटाउन, हेजबुल्लाहको उल्लङ्घनको जवाफ दिन र नागरिकको सुरक्षाका लागि आवश्यक कारबाही जारी राख्ने जनाउनुभएको छ ।

हेजबुल्लाहले दक्षिणी लेबनानमा सक्रिय इजरायली सेना माथि आक्रमण गरेपछि प्रतिक्रिया स्वरूप भएको आक्रमणमा चार सैनिकको मृत्यु भएको थियो ।

डेफ्रिनले हेजबुल्लाहले पछिल्लो समयमा युद्धविरामको उल्लङ्घन गरी नागरिक र सैन्य कर्मचारीलाई लक्षित गरी सयौँ ड्रोन र रकेट आक्रमण गरेको जनाएका छन् ।

लेबनानमा विद्रोही समूहले युद्धविराम उल्लङ्घन गरी ड्रोन आक्रमण गरेपछि दक्षिणी लेबनानमा आइडिएफ ट्याङ्क बटालियनका कमान्डर र अन्य तीन सैनिकको मृत्यु भएपछि इजरायली सेनाले बेका उपत्यकामा हेजबुल्लाहको पूर्वाधारमा आक्रमण गरेर जवाफ दिएको जनाइएको छ ।

आक्रमणको केही समयपछि, यस क्षेत्रमा तनाव कम गर्ने प्रयासस्वरूप इजरायल र हेजबुल्लाहबिच नयाँ युद्धविराम सम्झौता भएको जनाइएको छ ।

सिएनएनले वार्तासँग परिचित धेरै स्रोतहरूलाई उद्धृत गर्दै इजरायल र हेजबुल्लाहले युद्धविराम पुनर्स्थापित गर्ने सम्झौतामा पुगेको जनाएको छ । स्रोतहरूलाई उदृत गर्दै सिएनएनले यो सम्झौता संयुक्त राज्य अमेरिका र कतारको सयुक्त मध्यस्थता प्रयासमार्फत भएको थियो । दुई पक्षबिच युद्धविरामको घोषणा भएको केही क्षणपछि अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले लेबनानमा विद्रोही समूहसँग इजरायली पक्षलाई युद्धविराममा सहमत हुन आग्रह गरेको बताउनुभएको छ ।




# गाजामा तत्काल, निर्बाध सहायता वितरण सम्भव गराउन खाडी मुलुकको जोड

न्युयोर्क, २० जून (क्यसएनए) । साउदी अरेबियाले गाजापट्टीमा मानवीय सहायताको तत्काल, दिगो र निर्बाध वितरणको महत्त्वलाई जोड दिँदै यस्तो संवेदनशील विषयलाई सामूहिक सजायको माध्यम वा राजनीतिक दबाबको औजारको रूपमा प्रयोग नगर्न सुझाएको छ ।

गाजापट्टीको मानवीय अवस्थाबारे सुरक्षा परिषद्को आपत्कालीन सर्तमा अरब समूहको तर्फबाट गरिएको सम्बोधनमा साउदी अरेबियाले यस्तो बताएको जनाइएको छ । प्यालेस्टिनी सवाल मध्यपूर्वमा द्वन्द्वको केन्द्रबिन्दुमा रहेको उल्लेख गर्दै साउदी अरेवियाले स्थायी शान्तिका लागि दुई-राज्यबिचको समस्या समाधान र पूर्वी जेरुसेलमलाई यसको राजधानी, सिमाना र स्वतन्त्र प्यालेस्टिनी राज्यको स्थापना आवश्यक रहेको पुष्टि गरेको छ । अरब समूहले बसोबास नीतिहरू, जग्गा जफत गर्ने कार्य जबरजस्ती विस्थापन र नागरिकहरूलाई लक्षित गरी निरन्तर आक्रमण गर्ने विषयमा आफ्नो स्वीकारोक्ति नभएको बताएको छ ।

साउदी अरेबियाले कब्जा गरिएको प्यालेस्टिनी क्षेत्रहरूमा इजरायली सार्वभौमिकता लाद्ने वा जेरुसेलम र यसका पवित्र स्थलहरूको कानुनी र ऐतिहासिक स्थितिमा परिवर्तन गर्ने प्रयास अन्याय पूर्ण भएको पुष्टि गरेको छ । अमेरिकी मध्यस्थता प्रयासहरूसहित स्थायी युद्धविराम प्राप्त गर्ने उद्देश्यले गरिएका अन्तर्राष्ट्रिय प्रयासहरूको लागि आफ्नो समर्थनसमेत व्यक्त गरेको छ ।

अरब समूहको तर्फबाट, साउदी अरेबियाले संयुक्त राष्ट्र सङ्घीय सुरक्षा परिषद्लाई अन्तर्राष्ट्रिय शान्ति र सुरक्षा कायम गर्न आफ्नो जिम्मेवारी ग्रहण गर्न र प्यालेस्टिनीको रक्षा गर्दै मध्यपूर्वमा शान्ति र स्थिरताको सम्भावनालाई समर्थन गर्ने अन्तर्राष्ट्रिय कानुनी कार्यान्वयन गर्न पनि आह्वान गरेको छ ।

## विश्व सङ्क्षेप

# उत्तरपश्चिम पाकिस्तानको बन्नुमा दुई विस्फोट : सात जनाको मृत्यु, तीन घाइते

पेशावर, २० जून (एएफपी) । पाकिस्तानको उत्तरपश्चिम खैबर पख्तुनख्वा प्रान्तअन्तर्गत बन्नु जिल्लामा सडक किनारमा भएका दुई छुट्टाछुट्टै विस्फोटमा कम्तीमा सात जनाको मृत्यु भएको प्रहरीले जनाएको छ ।

प्रहरीका अनुसार यात्रु बोकेको एक निजी पिकअप ट्रकलाई रिमोट-कन्ट्रोल गरिएको 'इम्प्रोभाइज्ड एक्सप्लोसिभ डिभाइस' मार्फत लक्षित गरिएको थियो । घाइतेहरूलाई अस्पताल लैजाने क्रममा उद्धारका लागि प्रयोग गरिएको अर्को सवारीसाधनमा पनि दोस्रो विस्फोट हुँदा थप मानवीय क्षति भएको बताइएको छ । दुवै विस्फोटमा तीन जना घाइते भएका छन् ।

घटनाको जिम्मेवारी तत्काल कुनै समूहले लिएको छैन । तर, सो क्षेत्रमा तहरिक-ए-तालिवान पाकिस्तान (टिटिपी) सक्रिय रहँदै आएको सुरक्षा निकायले जनाएको छ ।

पाकिस्तानले देशभित्र पछिल्ला आक्रमणहरू बढ्नुमा छिमेकी अफगानिस्तानको भूमिलाई आधार बनाएर हुने गतिविधिलाई लिएर तालिवान सरकारलाई जिम्मेवार ठहर गर्दै आएको छ । यता काबुलस्थित तालिवान सरकारले भने आफ्नो भूमि आतङ्कवादी समूहलाई सुरक्षित आश्रयस्थलका रूपमा प्रयोग हुन दिएको भन्ने आरोप अस्वीकार गर्दै आएको छ । दुवै देशबिच पछिल्ला महिनाहरूमा सीमापार तनाव र हिंसात्मक झडपहरू समेत देखिएका छन् ।

# लेबनानमा इजरायली आक्रमण, पाँच जनाको मृत्यु

बेरुत, २० जून (एएफपी) । लेबनानको दक्षिणी क्षेत्रमा शनिबार भएको ताजा इजरायली आक्रमणमा पाँच जनाको मृत्यु भएको सरकारी सञ्चारमाध्यमले जनाएको छ । इजरायल र इरान समर्थित हिज्बुल्लाहबिच एक दिनअघि मात्र नयाँ युद्धविराम घोषणा भए पनि आक्रमण भएको हो ।

राज्यद्वारा सञ्चालित राष्ट्रिय समाचार एजेन्सी (एनएनए) का अनुसार मध्यरातपछि र शनिबार बिहानसम्म दक्षिण लेबनानका नाबातीह क्षेत्रसहित एक दर्जनभन्दा बढी स्थानमा इजरायली हवाई आक्रमण भएको थियो । सो क्षेत्रमा तोपखानाबाट पनि गोलाबारी भएको जनाइएको छ ।

एनएनएले अरब सलिम सहरमा भएको हवाई आक्रमणमा तीन जनाको मृत्यु भएको, देइर जहरानीमा एक जना र द्वेइर सहरको प्रवेशद्वारमा ड्रोनले मोटरसाइकललाई लक्षित गर्दा थप एक जनाको मृत्यु भएको जनाएको छ ।

शुक्रबार मात्र लेबनानको स्वास्थ्य मन्त्रालयले दक्षिण र पूर्वी क्षेत्रमा भएका इजरायली आक्रमणमा ४७ जनाको मृत्यु भएको बताएको थियो । त्यसैदिन इजरायली सेनाले लेबनानमा १५० भन्दा बढी आक्रमण गरेको दाबी गरेको थियो ।

यसैबिच, अमेरिका र कतारी मध्यस्थकर्ताहरूको पहलमा इजरायल-हिज्बुल्लाहबिच तत्काल युद्धविराम भएको घोषणा गरिएको थियो । तर, पछिल्ला घटनाक्रमले युद्धविराम कार्यान्वयनबारे अनिश्चितता देखिएको छ ।

# जापानले जुलाईदेखि भिसा शुल्क पाँच गुणा वृद्धि गर्ने

टोकियो, २० जून (सिन्ह्वा) । जापानी सरकारले जुलाईदेखि विदेशीहरूको लागि एकल-प्रवेश भिसा शुल्क तीन हजार येनबाट पाँच गुणा बढाएर १५ हजार येन (लगभग ९० अमेरिकी डलर) पुऱ्याउने निर्णय गरेको छ ।

मुद्रास्फीति र येनको अवमूल्यनको बिचमा १९७८ पछि पहिलोपटक वृद्धि भएको उक्त निर्णयको घोषणा विदेशमन्त्री मोटेगी तोशिमित्सुले शुक्रबार आयोजित पत्रकार सम्मेलनमा गर्नुभएको हो ।

यसैगरी बहु-प्रवेश भिसाको जारी शुल्क छ हजार येनबाट बढेर ३० तीस हजार येन हुनेछ । "हामी यो कदमले आन्तरिक पर्यटनमा तत्काल प्रभाव पार्ने अपेक्षा गर्दैनौँ," मोटेगीले भन्नुभयो ।

# पश्चिम अस्ट्रेलियामा एच-५ एन-१ को सङ्क्रमण पुष्टि

क्यानबेरा, २० जून (सिन्ह्वा) । अस्ट्रेलियाली सरकारले पश्चिमी अस्ट्रेलियामा भेटिएको एक प्रवासी चरामा एभियन इन्फ्लुएन्जाको अत्यधिक रोगजनक एच-५ एन-१ स्ट्रेनको सङ्क्रमण पुष्टि भएको जनाएको छ ।

कृषि, मत्स्यपालन तथा वनमन्त्री जुली कोलिन्सले शनिबार क्यानबेरामा आयोजित पत्रकार सम्मेलनमा दक्षिणी पश्चिमी अस्ट्रेलियाको एक राष्ट्रिय निकुञ्जमा जुन १४ मा फेला परेको खैरो स्कुआ (ब्राउन स्कुआ) एच-५ एन-१ सङ्क्रमणका कारण मरेको पुष्टि भएको जानकारी दिनुभयो ।

यो अस्ट्रेलियामा एच-५ एन-१ स्ट्रेनको पहिलो पुष्टि भएको घटना हो । उक्त भाइरस सन् २०२० यता विश्वका विभिन्न क्षेत्रमा फैलिँदै आएको छ र यसका कारण लाखौँ चरा तथा अन्य जनावर मरेका छन् ।

अधिकारीहरूका अनुसार सङ्क्रमित चरा भेटिएको क्षेत्र नजिकै एक विशाल पेट्रेल चरा बिरामी अवस्थामा फेला परेको छ । उक्त चरालाई क्वारेन्टिनमा राखिएको छ । अस्ट्रेलिया सरकारले सम्भावित प्रकोपको तयारीस्वरूप यसअघि नै ११३ मिलियन अस्ट्रेलियाली डलर विनियोजन गरेको थियो ।

यस अवसरमा प्रमुख पशुचिकित्सा अधिकारी बेथ कुक्सनले सर्वसाधारणलाई बिरामी वा मृत चराको सम्पर्कबाट टाढा रहन आग्रह गर्नुभएको छ ।

# एकएक पाइला गरेरै अगाडि बढौंला !

✍ प्रधान

**पहिलो दृश्य**

*(६-७ वर्षका नाति-नातिनाहरू हजुरबुबाको कोठामा 'सुप्रभात' (गुड मर्निङ) भन्दै प्रवेश गर्छन् । कुराकानीमा तिनीहरू बढी विदेशी शब्द प्रयोग गर्छन् । तिनीहरूले आफ्ना ५-६ वटा खेल्ने पुतलीहरूलाई हजुरबुबा अगाडि झुकेर 'ज्यू' गर्न सिकाउँछन् ।)*

**हजुरबुबा :** लौ आऊ नानीहरू 'सुप्रभात' !

**सुरुची :** ६-७ वर्षकी सुरुचीले (आफ्ना पुतलीहरूको परिचय दिँदै) हजुरबुबा यसको नाम क्यान्डी हो; यिनी सार्‍है ज्ञानी केटी हुन्; यिनी 'क्रिकी' हुन् । हजुरबा यो सधैँ हाँसिरहने केटो हो; (अर्को दुई पुतलीको परिचय दिँदै) यसको नाम हो मिस्टर 'राबित' (खरायो - लुगा टाई लगाएको केटो) हो र (अर्को घाँघर लगाएकी केटीलाई परिचय दिँदै) यो मिस 'राबित' हुन् । (एक समुन्द्री आठ हात भएको चाक्लो खुट्टे माछालाई देखाउँदै) हजुरबुबा यसको नाम 'अक्टो' हो ।

**सुवर्ण :** (७ वर्षको सुवर्ण अगाडि सर्दै हजुरबुबालाई आफ्नो परिचय दिन्छन्) हजुरबुबा ! मेरो नाम सुवर्ण हो । म र सुरूची अस्तिदेखि एक कक्षामा पुग्यौं । आज हामी हजुरबुबालाई 'बिहानीको गीत' सुनाउन चाहन्छौं हजुरबुबा !

**हजुरबुबा :** हुन्छ, हुन्छ लौ सुनौं ! (गीत सुरु हुन्छ)

इन्द्रेणी रङ्गको छ
तिम्रो निर्मल संसार
कमलको फूलझैं
तिम्रो कोमल मुहार

साना साना पाइला हिँडे
ठुला ठुला आशा बोकेर
जगत्लाई उज्यालो
पार्ने तिम्रो हँसाइ,
हृदयमा छापिने
साँचो तिम्रो हेराइ,
तिम्रो खुसीमा नै
मेरो खुसीयाली गाँसिएछ ।

जीवनको बाटोमा
तिमी सधैँ अघि बढ
प्रार्थना छ मेरो,
तिमी सधैँ सुखी रहोस्
जित भए हार,
दुवैलाई स्वीकारेर हिँड
सुख भए पनि
दु:खलाई नबिर्सी राख्नु !

नाच है नानी
जिन्दगीलाई अँगाल्दै बाँच है
नाच है नानी
डम्फूको तिमी तालैमा नाच है !

पिर आए गमले नाच
सुख पाए खुसीले नाच,
नाच है नानी,
जिन्दगीलाई अँगाली बाँच है !...

**(दोस्रो दृश्य)**

*(स्थान - हजुरबुबाकै कोठा, एउटा खाट, ओच्छ्यान, तकिया र लाम्चो पारी मिलाएको सिरक । सुवर्ण र सुरुची र पुतलीहरूको मोटो कागजको सानो खुला बाकस । हजुरबुबा आफ्नै मेचमा बसिरहेका हुन्छन् ।)*

**सुवर्ण :** हजुरबुबा, आज यी पुतलीहरू हाम्रो स्कूलमा भर्ना हुन चाहन्छन्; त्यहाँ पढेर तिनीहरू चन्द्रमा र मङ्गलग्रह जान चाहन्छन् ।

**हजुरबुबा :** ओहो ! यिनीहरू कसरी चन्द्रमा र मङ्गलग्रहमा पुग्छन् त ?

**सुरुची :** हजुरबुबा (पुतलीहरूलाई देखाउँदै) स्कूल पढेपछि अन्तरिक्ष यात्री स्कूलमा पढ्ने भन्छन् । त्यहाँ तिनीहरूलाई गुरूहरू (सरहरू) ले चराजस्तै उड्ने, हिँड्ने सबै सिकाउँछन् ।

**हजुरबुबा :** आम्मै ! कसरी पुग्छन् ? (हाँस्दै) यिनीहरू कसरी सिक्छन् ? सक्छन् त यिनीहरूले ? कसरी जान्छन् त तिमीहरूको तीनपाङ्ग्रे साइकलमा ? मोटरसाइकल र बसमा ?

**सुरुची :** हजुरबुबा, अन्तरिक्ष (स्पेस) मा पृथ्वीको आकर्षण शक्ति हुन्न हजुरबुबा । (पुस्तकका छापाहरू देखाउँदै) त्यहाँ जान अर्कै हवाईजहाजको 'यान' मा बसेर जान्छन् । यिनीहरूलाई पनि अन्तरिक्ष यात्रुहरूको (यस्तै) पोशाक लगाउन दिन्छन् । त्यस्तै, यानमा बसेर जान्छन् नि, हजुरबुबा यिनीहरू !

**हजुरबुबा :** अनि ती नानीहरूले के खान्छन् ? के तिनीहरूलाई भोक लाग्दैन ?

**सुरुची :** हजुरबुबा, यिनीहरूलाई वैज्ञानिकहरूले हामीलाई चाहिने बिस्कुट र झोल पदार्थ मिलाएकै खाना खुवाउँछन् नि !

**हजुरबुबा :** अनि यिनीहरू कति दिनमा पुग्छन् त चन्द्रमामा ?

**सुरुची :** चन्द्रमा त नजिकै छ रे हजुरबुबा ! अरू पनि ग्रहहरू छन् आकाशमा ।

**हजुरबुबा :** ती के के हुन् नानी ? सोम, मङ्गल, बुध, शुक्र, शनि............

**सुरुची :** हजुरबुबा, धेरै ग्रहहरू छन् । शनिग्रहमा त एउटा घेराजस्तै हुन्न । स-साना ग्रहहरूको घेरा... । ( सुरुचीले सबै ग्रहहरूको परिचय दिन्छिन् ।)

**हजुरबुबा :** नानीहरू ! अब तिनीहरूलाई भोक लाग्यो होला स्कूलमा खाजा खाने समय भएजस्तै । लौ माथि भान्सामा गएर खाऔं, हुन्छ ?

**दुवैले बोले :** हुन्छ हुन्छ, हजुरबुबा ।

(पर्दा खस्छ)

**तेस्रो दृश्य**

*(साँझपख समय । सूर्य भर्खर डुब्दै थियो । कोठामा सुरुची हजुरबुबालाई हात समाउँदै ल्याउँदै छिन् । खाटको पश्चिमतिर सिरकहरू पत्याएर राखेको हुन्छ । एउटी पुतली घाँघर लगाएकी र अर्को हाँसिरहने टाई लगाएको एक केटा पुतली हुन्छ । खाटको तल बस्ने चकटीका आसनहरूमा केही पुतलीहरू हुन्छन् । सुरूची र हजुरबुबा कोठाभित्र पस्नासाथै सुवर्णले र सुरुचीले तालि बजाउँछन् ।)*

**सुवर्ण :** हजुरबुबा ! आज हजुरलाई हाम्रो बैठक (एसेम्बली) मा मुख्य अतिथिको रूपमा स्वागत गर्न पाउँदा हामी सबै अत्यन्त खुसी छौं । हजुरको आसन यस मञ्चको बिचमा बसिदिनुहोला । (सुवर्णले आसनग्रहण गराउँछन् ।)

**सुरुची :** मुख्य अतिथि हजुरबुबा, म अहिले हाम्रा साथी सहभागीहरूको परिचय गराउँछु । (मञ्चको घाँघर लगाएकी ठुली पुतलीलाई हातले उठाएर देखाउँदै) मुख्य अतिथि हजुरबुबा र अन्य सबै सहभागी साथीहरू, यिनी असाध्य असल र सबैलाई मिलाएर राख्ने बहिनीको नाम 'क्यान्डी' हो । यिनी र अर्को केटो साथी (हातले उठाएर देखाउँदै) 'क्रिकी' हुन् । यिनी सधैँ हाँसिरहन्छन् । यिनीलाई सबै मन पराउँछन् ।

*(तल बस्ने एउटा एउटा पुतलीलाई पालै पालो समाउँदै सुरुचीले परिचय दिन्छिन् ।)*

**सुरुची :** मुख्य अतिथि हजुरबुबा, यिनको नाम 'हेलो किटी' हो, अङ्ग्रेजीमा । यो म्याउ म्याउ गर्ने बिरालो हो । अर्को टाई लगाएको यो केटोको नाम हो 'मिस्टर राबित' । यसको कान खरायोको जस्तो ठुलो र लामो छ । यो पनि सार्‍है मिलनसार छ । अर्को हो - 'मिस राबित' नेपालीमा हामी यसलाई 'केटी खरायो' भन्छौं । अर्को यो समुद्री माछा हो । यसको आठवटा हात हुन्छ, यसलाई अङ्ग्रेजीमा अक्टोपस भनिन्छ । हामी मायाले यसलाई 'अक्टा' मात्रै भन्छौं । यसले बरोबर आफ्नो रङ्ग बदल्छ भनिन्छ । यी त भए हाम्रा सहभागी साथीहरू !

**सुवर्ण :** अब म सहभागीहरूको जीवनको उद्देश्यबारे बताउन चाहन्छ । यसबारे हाम्रो सुरुचीलाई बताइदिन अनुरोध गर्दछु ।

**सुरुची :** मुख्य अतिथि हजुरबुबा र सहभागी साथीहरू, हामी सबैलाई भोक लागेकोले खाजा खानको निम्ति १५ मिनेट बैठकलाई स्थगित गर्न अनुमति माग्दछु । (सबैले ताली बजाउँछन्)

(पर्दा खस्छ)

**अन्तिम दृश्य**

*(कोठामा बत्ती बलिसकेको थियो, मुख्य अतिथि हजुरबुबा र सहभागी सबै साथीहरूले आ-आफ्नो स्थानमा आसन ग्रहण गरिसकेका हुन्छन् )*

**सुवर्ण :** मुख्य अतिथि हजुरबुबा र सहभागी सबै साथीहरू ! कहिलेकाहीँ 'नाटकमा पनि अर्को नाटक' हुन्छ । हाम्रा बुबा, काका र दाइ र दिदीहरूको पालाको जीवनको उद्देश्य र अहिले हाम्रो जीवनको उद्देश्यमा धेरै फरक देखिएको छ । यसबारे सुरुची बताउनुहुन्छ ।

**सुरुची :** मुख्य अतिथि हजुरबुबा र साथीहरू ! पहिले हाम्रो कक्षाका नायिका क्यान्डीलाई आमाहरू भन्नुहुन्थ्यो, "हेर नानी, तिमी नर्स भएर, गाउँ, सहर देशकै बिरामी र ज्येष्ठ नागरिकहरूको सेवा गर्नू ।" सधैँ हाँसिरहने साथी क्रिकीका बुबा भन्नुहुन्थ्यो - "हेर बाबू, तिमी ठुलो भएपछि साइकल, मोटरसाइकल, ट्रकदेखि हवाईजहाज र हेलिकप्टरलाई समेत मर्मत गरी जहाँ पनि सेवा गर्न सक्ने मिस्त्री बन्नुपर्छ ।"

टाइमा सजिएका मिस्टर राबितलाई उनको बुबाले छोरोलाई कलेजको प्रिन्सिपल वा शिक्षाको क्षेत्रमा ठुलो मान्छे बनेर सेवा गरेमा देशको उन्नति हुनेछ । हाम्रो देश एकातिर गरिब छ, अर्कोतिर गरिब जनतालाई उच्च शिक्षा दिने सरकारको नीति छैन, त्यसैले तल्लो वर्गको शिक्षा सेवामा काम गर्नू ।

मिस राबितकी आमा उनलाई बताउनुहुन्थ्यो रे - "हेर नानी, बैङ्क र अर्थशास्त्रको क्षेत्रमा महिलाहरू कम छन्, त्यसकारण अर्थशास्त्री वा बैङ्कका मेनेजर आदि भएर भ्रष्टाचारको निर्मूल गर्ने कार्यमा सघाउनुपर्छ ।"

अक्टो साथीलाई आमाले सिकाउनुहुन्थ्यो रे - 'हेर बाबु नानीहरू, तिमीहरू ठुलो भएर समुद्रको पानी सफा गर्ने प्रविधि (अक्कल) जान्नुपर्छ ।

**सुवर्ण :** सुरुचीको ममी पनि उनलाई भन्नुहुन्थ्यो- "नानी सुरुची, विश्व वातावरणमा प्रदूषण बढ्दै गयो भने संसारमा अनेक प्रकारका रोगहरू बढ्ने छन् । त्यसले हामीजस्ता गरिब देशका जनताले झन् दु:ख पाउने छन् । यसकारण, तिमी ठुली भएपछि विश्व वातावरणविद् बनी संसारको सेवा गर्नुपर्छ ।"

**सुरुची :** (सुवर्णको सङ्केत पाएपछि) सुवर्णकी ममी पनि मलाई भन्नुहुन्थ्यो - "देशहरू र संसारकै राजनीति नसुध्रेसम्म संसारले दु:ख पाउने हो । यसकारण, ठुलठुला रुखको फल राम्रो हुन रुखको जरा र त्यहाँको माटो राम्रो र शुद्ध हुनुपर्छ । समाजलाई राम्रो बनाउन सहर र गाउँ राम्रो हुनुपर्छ । यसकारण, तिमीहरू तल्लो तहको जनप्रतिनिधि र 'नगरपिता' वा 'गाउँको पिता' अर्थात् मेयर बनेर तल्लैदेखि समाजलाई सुधार गर्नुपर्छ ।"

**सुवर्ण :** सुरूची र अन्य हाम्रा बुबा र आमाहरूले एक पुस्ताअगाडि हाम्रा काका काकी, दिदी र दाजुहरूलाई अभिभावकहरूले दिनुभएको शिक्षा र जीवनको उद्देश्यको व्यापकता र उचाइमा धेरै भिन्नता भइसकेको छ । यसकारण, हाम्रो विद्यालय र टोलका साथीहरूको माझमा बारम्बार हरेक महिना छलफल, नाटक, स्वतन्त्र भाषण, साहित्य गोष्ठीजस्ता कार्यक्रमहरू हामी गर्दै जानेछौं ।

अब म हाम्रो यो एसेम्बलीका मुख्य अतिथि हजुरबुबालाई हामी केही ज्ञान-गुणका कुराहरू बताउन आग्रह गर्छौं ।

**मुख्य अतिथि :** बाबु नानीहरू, आज मलाई अत्यन्त खुसी लागेको छ । हामी तिमीहरूजस्तो सानो बेला यस्ता गोष्ठीहरू देखेका पनि थिएनौं र गर्न जानेका पनि थिएनौं ।

तर, तिमीहरूका बा र काकाहरूको पालामा लुकी लुकी यस्ता गोष्ठीहरू गरेको सुनेका थियौं । सरकारले थाहा पाएपछि ती बाबुहरूलाई प्रहरी र सेनाले सार्‍है कुटपिट गर्थे; जेलमा कोच्थे र टोल-टोल र गाउँ-गाउँका ठुला ठालुहरू आफैं जासुस र गुप्तचरको काम गरी युवाहरूलाई पक्राउ गर्न सहयोग गर्थे । केटीहरू त सार्‍है थोरै मात्र यस्तो बैठक गर्न र गतिविधि गर्ने गर्थे । जनताले थाहा नपाउँदा जेलबाट छुटेका तिमीहरूका बाबा र काकाहरूलाई बोल्दैनथे र अझ हेला गर्थे । ती राजनीतिक कार्यकर्ताहरूले आफ्नो निम्ति होइन देशकै निम्ति र जनताको निम्ति दु:ख पाएका हुन् भन्ने थाहा थिएन ।

**बाबु :** नाति नातिनाहरू, हिजो कविता र गीत मात्रै लेखेको र गाएकोमा झ्यालखानामा लैजान्थे ।

**सुवर्ण :** मुख्य अतिथि र हजुरबुबा माफ पाउँ यो झ्यालखाना भनेको के हो ?

**मुख्य अतिथि :** अँ, आजकल यसलाई बन्दीगृह र जेल भन्ने गरिन्छ । जनतालाई थुन्ने ठाउँलाई आजकल झ्यालखाना कमैले मात्रै भन्छन् ।

लौ त, समय पनि धेरै गयो, नाति र नातिनाहरूलाई भोक पनि लाग्यो होला, आजको यस बैठकलाई यहीँ बिदा देऔं । नाति-नातिनाहरूलाई धेरै-धेरै माया गर्छु ।

**सुरुची :** हजुरले हामीलाई पहिलाका कुराहरू बताउनुहुँदा हाम्रा जीउ सिरिङ्ग भएको थियो । अब हामी सानै भए पनि एकएक पाइला गरेरै अगाडि बढौंला ! हजुरबुबाबाट आशीर्वाद पाऔं र सबै साथीहरूलाई पनि धन्यवाद दिन्छु । यो बैठक यहीँ टुङ्गिएको घोषणा गर्छु ।

*(हजुरबुबाले सबैलाई अँगालो हालेर माया गर्नुहुन्छ । अनि सबै नातिनातिनाहरू कोठाबाट बाहिर जान्छन् ।)*

(पर्दा खस्छ)

---

**सुधारिएको....**

भयो । त्यसयता त्यो प्रतिशत बढ्दै गयो । सन् २०२२-२३ मा भारतका शीर्ष १ प्रतिशत धनाढ्यहरूसँग देशको २२.६ प्रतिशत राष्ट्रिय आय छ । यो नवउदारवादी अर्थनीतिको फल हो । (यो तथ्याङ्क 'विश्व असमानता डेटाबेस' बाट लिइएको हो ।)

यहाँनिर प्रश्न उठ्छ - नियन्त्रित र सुधारिएको पुँजीवादको भिजन/अवधारणा किन भ्रामक बन्न पुग्यो ? साम्राज्यवादी अर्थतन्त्रहरूमा 'निर्बाध पुँजीवाद' लाई बिउँताउनुपर्ने स्थिति आएपछि दक्षिणी गोलार्द्धका देशहरूमा समेत त्यसलाई पुन: अपनाउनुबाहेक अर्को उपाय रहेन । साम्राज्यवादी देशमा किन त्यस्तो स्थिति आइलाग्यो त ? यसको उत्तर खोज्न पुँजीवादको स्वभावभित्र पस्नुपर्छ ।

पुँजीवादबारे किन्सको बुझाइ अधकल्चो थियो । किन्सले एउटा कुरा राम्ररी बुझेका थिए, यो प्रणालीभित्र लिइने समस्त व्यक्तिगत निर्णय कुनै 'तर्कसङ्गत' हिसाबकिताबका आधारमा लिइन्छ भने पनि त्यसको परिणाम 'तर्कसङ्गत' नै निस्किन्छ भन्ने छैन । अर्को भाषामा भन्नुपर्दा पुँजीवादी प्रणालीमा अराजकताको रजाइँ चल्छ । किन्सले यो अराजकतालाई ठम्याए र यसबाट उम्किन राज्यले हस्तक्षेप गर्नुपर्ने देखे ।

अराजकता पुँजीवादको एउटा विशेषता मात्र हो । पुँजीवादको अर्को विशेषता पनि छ । शोषणकारी/दोहनकारी हुनुका साथै पुँजीवाद स्वत:स्फूर्त वा स्वचालित प्रणाली पनि हो । कुनै व्यक्तिले किन निश्चित व्यवहार देखाउँछ ? किनभने उसको व्यवहारलाई प्रतिस्पर्धाले आकार दिन्छ । पुँजीवादी प्रणालीको कार्यव्यपार कुनै रकमी व्यक्तिविशेषको इच्छा वा चेतनाभन्दा पर रहेर स्वतन्त्र ढङ्गले चल्छ । पुँजीवाद केही स्वत:स्फूर्त प्रवृत्ति वा नियमका आधारमा चल्छ ।

मार्क्सले एक यस्तै नियमको चर्चा गर्नुभएको छ । पुँजीमा केन्द्रिकृत हुने प्रवृत्ति हुन्छ । समयक्रममा पुँजीले झन्झन् विशाल आकार लिँदै जान्छ । तर, पुँजीको अर्को एक अनिवार्य प्रवृत्तिबारे उति चर्चा गरिन्न । त्यो के भने पुँजी आफ्नो बाटोमा तेर्स्याइने जस्तोसुकै छेकबारलाई छिचोलेर वा छलेर अघि बढ्न खोज्छ । बजारमा नयाँ वस्तु वा उपायहरू अघि सार्नुका पछाडि पुँजीको यही प्रवृत्तिले काम गर्छ । एक बिन्दुमा पुगेर यसले राज्यले लगाउने अवरोधहरू नाघ्न खोज्छ । सुरुमा जसले यो काम गर्न सक्यो उसैले बढी नाफा हात पार्छ । अर्को बिन्दुमा पुँजीले प्रविधिले लगाउने अवरोधहरू नाघ्न खोज्छ । सुरुमा जसले यो अवरोध छिचोल्न सक्यो उसलै बढी नाफा सोहोर्छ ।

एकैबाजि यी अवरोधहरू छल्ने कार्यमा पुँजी सफल नहुन सक्छ । तर, समयक्रममा उसले त्यो कार्य फत्ते गर्छ । पुँजीको केन्द्रीकरणले गर्दा यसको आकार बढिरहने हुनाले अवरोध छिचोल्ने उसको क्षमता पनि बढ्दै जान्छ । जस्तो, सानो पुँजीले छिचोल्न नसक्ने अवरोध ठुलो पुँजीले छिचोल्न सक्छ । कुनै कालखण्डमा छिचोल्न नसकिएको वा बन्धनकारी बनेको अवरोध पुँजी केन्द्रीकरण हुँदै जाँदा समयक्रममा छिचोल्न सकिने हुन सक्छ ।

यसकारण, नियन्त्रित पुँजीवाद पनि चिरञ्जीवी बन्न सक्दैन । लामो समयसम्म राज्यले पुँजीवादलाई नियन्त्रणमा राख्न सक्छ । केही समयलाई नियन्त्रित पुँजीवाद ठोस जस्तो लाग्न सक्छ । तर, बिस्तारै केन्द्रीकरण बढ्दै गएपछि कालक्रममा त्यो स्थिति अन्त्य हुन सक्छ ।

यो कुनै अनुमान होइन । किन्सको नीति यसरी नै फितलो बनेको थियो । कतिपय विकसित पुँजीवादी देशहरूले अस्थायी भुक्तानी सन्तुलन कायम गर्न अरू देशबाट अल्पकालीन रकम लिन सजिलो माने । यस्ता अल्पकालीन कोषले सुरुसुरुमा राज्यको आर्थिक पकडमा हस्तक्षेप गरेनन् । रोजगारी दर उच्च राख्न र कल्याणकारी खर्च गरिराख्न राज्यले यस्तो पकड राख्थ्यो । तर, पुँजीको केन्द्रीकरण बढ्दै जाँदा बाहिरबाट लिइने अल्पकालीन रकम पेन्सन कोषजस्ता विशाल संस्थाहरूमा जम्मा हुन थाल्यो । यस्तो रकम निकासी हुँदा अर्थतन्त्रमा ठुलो खाडल पर्थ्यो । त्यसैले राज्यले यस्तो निकासी रोक्न खोज्ने भयो । विश्वव्यापी वित्तीय पुँजीले भनेजस्तो नीति बनाएर मात्र यो काम सम्भव थियो ।

अर्को भाषामा भनौं, किन्सले आफ्ना सामाजिक हितहरूका आधारमा राज्यले नीति बनाउनुपर्छ भनेका थिए । तर, यस्तो नीति बनाउने राज्यको स्वायत्तता सुरुमा अक्षुण्ण भए पनि पछि खुम्चिँदै गयो । यो आकस्मिक घटना थिएन । यो पुँजीवादको स्वभावभित्रै पर्छ ।

स्थिति पाठ्यपुस्तकमा पढाइने भन्दा फरक हुन्छ । पुँजीवादले बाटोमा तेर्स्याइने अवरोधलाई स्वीकार्दैन । उसले सदैव ती अवरोध छिचोल्ने प्रयास गर्छ । पुँजीको केन्द्रीकरण बढ्दै जाँदा समयक्रममा ऊ त्यो काम गर्न सक्षम पनि बन्छ । यस्तो स्थितिमा सुधारिएको पुँजीवाद वा कल्याणकारी पुँजीवादको भिजन/धारणा एउटा भ्रम बन्न पुग्छ । यस्तो भिजन पूरा गर्नका लागि राज्यले पुँजीवादी एक हदसम्म नियन्त्रण राख्नुपर्छ । यस्तो नियन्त्रणलाई समयक्रममा आफू सबल भएपछि पुँजीले भत्काउँछ भने अघिको भिजन अर्थहीन बन्नु स्वाभाविक छ ।

यो सामान्य सत्यकै कारण सामाजिक जनवादीहरू आज सङ्कटमा छन् । नवफासिवादीहरूबाट उनीहरू पराजित हुँदै छन् । वास्तवमा यो तिनको सैद्धान्तिक सङ्कटको राजनीतिक अभिव्यक्ति मात्र हो । किन्सेली नीति प्रभावहीन भएपछि यो सङ्कट आएको हो ।

कल्याणकारी पुँजीवाद फोस्रो भ्रम भएपछि अब समाजवादको कुनै विकल्प रहेन । समाजवादमा जाँदै गर्दा साना पुँजीवादी उद्यमहरूलाई खुला छोडिन्छ भने पुँजीका अनिवार्य प्रवृत्तिहरूलाई कसिलो नियन्त्रणमा राख्न एकदम होसियार हुनुपर्छ । पुँजीको केन्द्रीकरण एक यस्तै प्रवृत्ति हो ।

*(लेखक भारतीय अर्थविद् तथा राजनीतिक विश्लेषक हुनुहुन्छ । पुँजीवादी अर्थशास्त्रबारे उहाँका कैयन चर्चित पुस्तक प्रकाशित छन् ।*

*(स्रोत : एमआर अनलाइन । सम्यक)*

# सिथि नखः को अवसरमा भक्तपुरका विभिन्न पोखरी र इनारमा सरसफाइ गर्दै स्थानीय युवाहरू









*जाँचबुझ...*

राउन्ड हवाई फायर गरी न्यूनतम बल प्रयोगको सिद्धान्तअनुसार भिड नियन्त्रण कार्य गरेको हो । उक्त दिन ललितपुरमा हातहतियारको प्रयोगबाट कुनै प्रदर्शनकारी घाइते वा मृत्यु भएन ।

उक्त दिन १० जना सशस्त्र प्रहरी कर्मचारी घाइते भए भने मन्त्री क्वार्टर क्षेत्रमा खटिएको राइट कन्ट्रोल भेइकल, एक स्कोर्पियो गाडी तथा सशस्त्र प्रहरीको निजी मोटरसाइकल थान २ जलेर नष्ट भएको थियो । आन्दोलनमा रड तथा घरेलु हतियार बोकेका अपरिचित समूहको उपस्थिति भएकोले घुसपैठ भएको अनुमान गर्न सकिन्छ ।

**सशस्त्र प्रहरी बल नं. १८ गण हे.क्वा. नीलबाराही, काठमाडौँका गणपति सशस्त्र प्रहरी उपरीक्षक रोशन घिमिरे :**

२०८२ साल भदौ २२ गते जिल्ला सुरक्षा समितिको बैठकमा राष्ट्रिय अनुसन्धान विभागले भदौ २३ गतेको Gen–Z प्रदर्शनमा १५००-२५०० सङ्ख्यामा विद्यार्थीसहित भेला भएर शान्तिपूर्ण कार्यक्रम सञ्चालन गर्ने जानकारी दिएको थियो ।

भदौ २३ गते माइतीघर मण्डलाबाट सुरु भएको भेला सुरुमा शान्तिपूर्ण भए पनि बानेश्वर क्षेत्र प्रवेश गरेपछि भिड आक्रामक बन्यो । उक्त प्रदर्शनबाट १०३ जना सशस्त्र प्रहरी घाइते हुनुका साथै भिडले सशस्त्र प्रहरीको एउटा एम्बुलेन्ससमेत तोडफोड गऱ्यो ।

२४ गते सशस्त्र प्रहरीले ७९ थान अश्रुग्याँस, २८ ब्ल्याङ्क र १९ हवाई फायर प्रयोग गरी भिड नियन्त्रण प्रयास गरेको थियो । दुवै दिन विभिन्न अपरिचित समूहको घूसपैठ देखिन्थ्यो । संसद् भवन वरपर नेपाली सेनाको तैनाथी रहे पनि अपेक्षाकृत प्रभाव परेन ।

**सशस्त्र प्रहरी बल नेपाल नं. २० गण हे.क्वा. (विपद् उद्धार) सिनामङ्गलको गणपति तथा जिल्ला सुरक्षा समिति सदस्य सशस्त्र प्रहरी उपरीक्षक जीवन के.सी. :**

२०८२ भदौ २२ गते जिल्ला सुरक्षा समितिको बैठकबाट चारवटै सुरक्षा निकाय सहभागी एकीकृत सुरक्षा योजना बनाई समन्वयात्मक रूपमा सुरक्षा व्यवस्था मिलाउने निर्णय भएको थियो ।

भदौ २३ गते बिहान ९:३० बजेतिर ३००/३५० जनाको शान्तिपूर्ण भिड देखिए पनि एभरेस्ट होटल अगाडि पुग्दा सङ्ख्या बढेर करिब ३००० भन्दा माथि पुगेको थियो । ११:३० बजेतिर २०/२५ हजारसम्म पुगेको भिड निषेधित क्षेत्रको Barricade तोडेर संसद् भवन वरपर घेराबन्दी गर्दै मोटरसाइकलसहित प्रवेश गर्न खोजेको थियो । नयाँ बानेश्वरस्थित BICC क्षेत्रमा ढुङ्गामुढा, तोडफोड र आगजनी हुन थालेपछि संसद् भवन प्रवेश रोक्न न्यूनतम बल प्रयोगको सिद्धान्तअनुसार अश्रुग्याँस र हवाई फायर गर्नुपऱ्यो ।

घटनापछि १७ जना नागरिकको मृत्यु, सयौँ प्रदर्शनकारी घाइते तथा ठुलो सङ्ख्यामा नेपाल प्रहरी र सशस्त्र प्रहरीका कर्मचारी घाइते भए । मृत्यु र घाइते सबै बल प्रयोगबाट नै भएको भन्ने यकिन तथ्य मेरो जानकारीमा थिएन । APF तर्फबाट INSAS बाट १० राउण्ड र SLR बाट ९ राउण्ड हवाई फायर तथा २६६ सेल अश्रुग्याँस प्रयोग भएको थियो ।

भिडमा घुसपैठ गरेका ध्वंसात्मक समूहका कारण भौतिक क्षति रोक्न कठिन भयो । विभिन्न सरकारी कार्यालय, संवैधानिक आयोग, पार्टी कार्यालय, VIP निवास र सुरक्षा बेसमा आगजनी तथा तोडफोड भयो । मीनभवन सुरक्षा बेस पूर्णक्षति हुनुका साथै हातहतियार लुटपाट भयो । प्रदर्शनमा विभिन्न समूहको योजनाबद्ध घुसपैठ भएको जस्तो लाग्छ तर त्यसको ठोस प्रमाण मसँग छैन । युवामा बढ्दो निराशा, भ्रष्टाचार र सेवा प्रवाहको कमजोरीसँग जोडिएको प्रदर्शनलाई केही तत्त्वले क्यास गर्दै राज्यलाई अस्थिर बनाउने प्रयास गरेको बुझाइ मेरो छ ।

## रसुवा भन्सारबाट भएका गाडी जाँचपासमा त्रुटि, १३ कर्मचारी कारबाहीमा

काठमाडौं, ६ असार । रसुवा भन्सार कार्यालयबाट विद्युतीय सवारीसाधनको भन्सार जाँचपास गर्ने क्रममा कर्मचारीहरूले पदीय जिम्मेवारी पूरा नगरेको अनुगमन टोलीको प्रतिवेदनले औंल्याएको छ ।

प्रतिवेदनका आधारमा तत्कालीन कार्यालय प्रमुखसहित १३ जना कर्मचारीलाई निलम्बन गरी विभागीय कारबाही प्रक्रिया अघि बढाइएको छ ।

अनुगमन टोलीले प्रज्ञापनपत्र, कार्यालय अभिलेख तथा अन्य कागजातको स्थलगत अध्ययन गर्दा कतिपय सवारीसाधन भन्सारमा भौतिक रूपमा आई नपुग्दै कागजातका आधारमा मात्र जाँचपास गरिएको फेला पारेको छ ।

यसरी कानुनी प्रक्रिया पूरा नगरी जाँचपास गरिएको देखिएपछि अर्थ मन्त्रालय र भन्सार विभागले कारबाही प्रक्रिया अघि बढाएको हो ।

जेठ १५ गतेभन्दा अघि प्रज्ञापनपत्र पास गरिएको तर सवारीसाधन भने जेठ १५ पछिमात्र भन्सारमा आएको विवरण देखिएपछि १३ कर्मचारीलाई तत्काल निलम्बन गरिएको हो ।

अनुगमनको क्रममा करिब ६९ सवारीसाधनमा प्रज्ञापनपत्र पहिले पास हुने तर सवारीसाधन पछि मात्र आगमन भई जाँचपास भएको अवस्था देखिएको छ । तर, भन्सार कार्यालयमा अभिलेख व्यवस्थापन व्यवस्थित नभएकोले यस्ता सवारीसाधनको यकिन सङ्ख्या हालसम्म निर्धारण हुन सकेको छैन ।

यस घटनाबाट राजस्व कति बढ्यो वा घट्यो भन्ने हिसाब निकाल्ने जिम्मेवारी रसुवा भन्सार कार्यालयलाई दिइएको छ ।

गाडीको वास्तविक सङ्ख्या र नम्बर यकिन गरी तथ्याङ्क मिलाएर मात्र प्रक्रिया अगाडि बढाउन सम्बन्धित कार्यालयलाई निर्देशन दिइएको छ ।

यस प्रकरणमा संलग्न विद्युतीय सवारीसाधन पैठारीकर्ता लक्ष्मी ई-मोबिलिटी प्रालि काठमाडौँ, सिमेक्स इन्क प्रालि काठमाडौँ, सीजी मोटर्स प्रालि ललितपुर, पूजा इन्टरनेसनल नेपाल प्रालि काठमाडौँ, पूजा कन्स्ट्रक्सन नेपाल प्रालि काठमाडौँलगायत तथा एजेन्ट नम्बर २४८, एजेन्ट नम्बर ८३३ र एजेन्ट नम्बर ४७८ लगायतका भन्सार जाँचपास प्रतिनिधिलाई प्रचलित भन्सार कानुनबमोजिम कारबाहीका लागि रसुवा भन्सार कार्यालयमा लेखी पठाइएको जनाइएको छ ।

बजेटपछि भन्सार जाँचपासमा छलि भएको आशङ्कामा ७७५ वटा गाडी नियन्त्रणमा लिइएको थियो । तर कोरला भन्सारबाट जाँचपास भएका ६४९ वटा गाडीमा सबै प्रक्रिया पूरा भएको पाइएको थियो ।

## नागढुङ्गा-नौबिसे-मलेखु सडक खण्डमा पहिरो व्यवस्थापनका लागि द्रुत टोली परिचालन

काठमाडौँ, ६ असार । पृथ्वी राजमार्गअन्तर्गतको नागढुङ्गा-नौबिसे-मलेखु सडक खण्डमा मनसुनजन्य विपद् र पहिरोको जोखिमलाई मध्यनजर गर्दै तत्काल सडक खुलाउन द्रुत प्रतिकार्य टोली परिचालन गरिएको छ । वर्षाका कारण सडक अवरुद्ध हुनसक्ने सम्भावित क्षेत्रहरू पहिचान गरी आवश्यक हेभी इक्विपमेन्ट (एस्काभेटर, ब्याकहो लोडर र टिपर) र जनशक्ति तयारी अवस्थामा राखिएको आयोजनाले जनाएको छ ।

सडक विभाग तथा सम्बद्ध आयोजनाका अनुसार यस सडक खण्डलाई विभिन्न चार भागमा विभाजन गरी पहिरो नियन्त्रण तथा राजमार्ग सुचारु राख्ने संयन्त्र तयार पारिएको छ । विशेष गरी झ्याप्ले खोला, चारकिला, सत्किला, कमेरे भिर, चिराउँदी पुल, जारेखेत, चालिसे र परेवा भिरलगायतका क्षेत्रहरूलाई उच्च जोखिमयुक्त क्षेत्रका रूपमा पहिचान गरिएको छ ।

विपद्को समयमा यात्रु तथा स्थानीयले सिधै सम्पर्क गर्न सक्ने गरी आयोजनाले बुलेटिन जारी गर्दै आवासीय इन्जिनियरदेखि मेसिन अपरेटरसम्मको सम्पर्क नम्बर सार्वजनिक गरेको छ ।

## क्यान्सर औषधि सहज उपलब्ध हुने

काठमाडौँ, ६ असार । विगत दुई महिनादेखि क्यान्सर रोगको उपचारका लागि प्रयोग हुने औषधिको अभाव रहेकोमा अब सहज उपलब्ध हुनेछ । औषधि व्यवस्था विभागका सूचना अधिकारी किरणसुन्दर बज्राचार्यले क्यान्सरको किमोथेरापी उपचारमा प्रयोग हुने औषधि केही दिनमा सहज उपलब्धता हुने बताउनुभयो । उहाँले औषधिको अहिले केही सीमित ठाउँमा मात्र उपलब्ध गराउँदै आएकोमा अब सहज रूपमा उपलब्ध गराइने बताउनुभयो ।

उहाँले भन्नुभयो, “औषधिको अभाव रहेकोले हामीले बिरामीलाई सहजताका लागि देशभरि केही ठाउँमा अस्पताल र फार्मेसीको नामै तोकेर उपलब्ध गराउने गरेका छौँ । अब चाँडै नै औषधिको आयातलाई सहज बनाएर बिरामीलाई सजिलै उपलब्ध गराउने छौँ ।” उहाँले सरकारले ती औषधिको मूल्य समायोजन गर्ने प्रतिबद्धता व्यक्त गरिसकेकाले सहज पाइने बताउनुभयो । क्यान्सरको किमोथेरापी उपचारका लागि हुने ‘कार्बोप्लाटिन’, ‘सिस्प्लाटिन’ लगायत औषधिको अभाव विगत दुई महिनादेखि भएको हो ।

विभागले ती औषधि पाउनको लागि जानकी अस्पताल नेपालगञ्ज, पूर्वाञ्चल क्यान्सर अस्पताल विर्तामोड, विराट मेडिकल कलेज विराटनगर, वविना फर्मा पोखरा, पुनम फार्मेसी धरान, राजदूत प्रालि भरतपुर, मल्ल फर्मास्युटिकल्स पोखरा, ताज नेपाल प्रालि काठमाडौँ, डीकेएम फर्मास्युटिकल्स प्रालि काठमाडौँ, सिजल फर्मा र अनमोल हेल्थ केयर काठमाडौँलाई औषधि सहजताको लागि सम्पर्क तोकिएको छ ।

किमोथेरापी उपचारका लागि सबभन्दा बढी ‘कार्बोप्लाटिन’ र त्यसपछि ‘सिस्प्लाटिन’ औषधि आवश्यक पर्दछ । सूचना अधिकारी बज्राचार्यका अनुसार अहिले नेपालमा ‘कार्बोप्लाटिन’ औषधि दुई हजार भाइल र ‘सिस्प्लाटिन’ ५० भाइल मात्र मौज्दात रहेको छ ।

नेपालमा बिरामीका लागि महिनामा एक हजार भाइल ‘कार्बोप्लाटिन’ र ६०० भाइल ‘सिस्प्लाटिन’ आवश्यक पर्दछ । नेपाल औषधि आपूर्तिकर्ता सङ्घका अध्यक्ष पवन आचार्यले बिरामीको उपचारलाई अभाव हुन नदिनका लागि आफूहरूले महँगा भए पनि औषधि नेपाल आयात गरेर उपलब्ध गराइरहेको बताउनुभयो ।

उहाँले एक महिनालाई पुग्ने ‘सिस्प्लाटिन’ औषधि भारतबाट नेपाल आउने क्रममा रहेको जानकारी दिनुभयो । उहाँले सरकारले मूल्य समायोजन गरेपछि औषधिको अभाव नहुने बताउनुभयो । भक्तपुर क्यान्सर अस्पताल, चितवनस्थित बीपी कोइराला मेमोरियल क्यान्सर अस्पताल, वीर अस्पताल, त्रिवि शिक्षण अस्पताल, पाटन स्वास्थ्य विज्ञान प्रतिष्ठानलगायत क्यान्सर रोगको किमोथेरापीमा उपचारमा प्रयोग हुने औषधिको अभाव देखिएको हो ।

प्रकाशक तथा कार्यकारी सम्पादक: उद्धव सुजखु★सम्पादक: विष्णुगोपाल कुसी ★ कार्यालय: कमलविनायक, भक्तपुर, फोन नं. ६६१०९२१, फ्याक्स: ६६१३२०७, E-mail: majdurdaily@gmail.com ★ विज्ञापन शाखा: ६६१९१०७/६६२०५५९, E-mail: majdurdailybigyapan@gmail.com ★ मुद्रक: सिद्धिगणेश अफसेट प्रेस, चोर्चा